# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

भुवनेश्वर कोइराला (१९८३-२०६५) नेपाली साहित्यमा स्मरणीय व्यक्तित्व हुन् । नेपाली साहित्यको आधुनिक कालको आरम्भकालीन अवस्थादेखि साहित्यमा हात हालेका कोइरालाले नेपाली साहित्यका नाटक, कविता, उपन्यास र भजन लगायतका विभिन्न विधामा आफ्नो सिर्जनात्मक कुशलता प्रदर्शन गरेका छन् । उनले १०/१२ वर्षको उमेरदेखि साहित्य लेख्न थालेको सूचना पाइए पनि २०१३ सालमा पहिलो पटक प्रकाशित भएको झिल्को नाटक उनको पहिलो प्रकाशित कृति हो । उनका **सत्य सन्देश र विधवा जीवन** (२०१३) तथा **बैकुण्ठको महल** (२०१३) प्रकाशित उपन्यास हुन् । यसपछि कोइरालाका विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविता तथा अन्य सिर्जनात्मक आलेखहरू प्रकाशित भएको पाइन्छ । उनको पहिलो उपन्यास विधवालाई नेपाली समाजले न्याय गर्न नसकेको भन्दै विधवा विवाहको पक्षमा लेखिएको सुधारवादी चेतना भएको उपन्यास हो भने दोस्रो उपन्यास धार्मिक चेतना भएको कृति हो । कोइरालाका यिनै प्रकाशित दुई उपन्यासहरूको केन्द्रीयतामा उनको उपन्यासकारिताको विस्तृत अध्ययन गर्नु प्रस्तुत शोधपत्रको मुख्य विषय क्षेत्र हो ।

## १.२ समस्याकथन

नेपाली साहित्यका कविता, उपन्यास तथा नाटकजस्ता विविध पाटाहरूमा सुधारवादी जीवनदृष्टि फिँजाएर कलम चलाउने प्रतिभाका रूपमा भुवनेश्वर कोइरालालाई लिन सकिन्छ । सारदाकालीन साहित्यकारका रूपमा नेपाली साहित्यमा आफ्नो गर्विलो इतिहास रच्न सफल भएका कोइरालाका दुई उपन्यास, एक नाटक, भजन प्रकाशित भएका छन् । यही परिप्रेक्षमा उनको उपन्यासकारिताको अध्ययन गर्ने प्रस्तावित शोधकार्यको लक्ष्य अनुसार भुवनेश्वर कोइरालाको उपन्यासकारिता' शीर्षकभित्र निम्नलिखित समस्याहरू रहेका छन् -

क) भुवनेश्वर कोइरालाको साहित्यिक चिनारी के कस्तो छ ?

ख) उपन्यास त□वका आधारमा कोइरालाका उपन्यासहरू केकस्ता रहेका छन् ?

ग)  कोइरालाको औपन्यासिक प्रवृत्ति के कस्तो छ ?

## १.३ शोधकार्यको उद्देश्य

साहित्यका विविध विधामा कलम चलाउने कोइराला सुधारवादी साहित्यकारका रूपमा स्थापित भइसकेका छन् । साहित्यिक व्यक्तित्वका साथै अन्य विविध व्यक्तित्वका पाटाहरू निर्माण गर्न सफल कोइरालाको उपन्यासकारिताको अध्ययन गर्नु यस शोधकार्यको प्रमुख उद्देश्य रहेको छ । यसै सन्दर्भमा यस शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् ।

क)  भुवनेश्वर कोइरालाको साहित्यिक परिचय दिनु ।

ख)  उपन्यास त□वका आधारमा उनका उपन्यासको विश्लेषण गर्नु ।

ग)  उनको औपन्यासिक प्रवृत्तिको खोजी गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

कुनै पनि व्यक्ति प्रतिभा, व्युत्पत्ति र अभ्यास विना साहित्यकार, लेखक तथा समालोचक बन्न सक्दैन । ती प्रतिभा, व्युत्पत्ति र अभ्यासले व्यक्ति प्रतिभालाई निश्चित विन्दुसम्म पुऱ्याउन मद्दत गरिरहेको हुन्छ । त्यस्ता व्यक्ति प्रतिभाद्वारा रचित कृतिहरू तथा तिनका बारेमा समीक्षा एवं खोज अन्वेषण हुनु स्वाभाविक ठहर्छ । प्रस्तुत शोधकार्यको लक्ष्य भुवनेश्वर कोइरालाको उपन्यासकारिताको अध्ययन गर्नु भएकाले त्यसको खोजी गर्नु आवश्यक रहेको छ, तर आजसम्म उनका उपन्यासहरूको अध्ययनमा केन्द्रित भएर गहन अध्ययन भएको छैन । तिनका बारेमा जेजति टीकाटिप्पणी भएका छन्  तिनलाई प्रस्तुत शोधपत्र तयार गर्दा पूर्वकार्यका रूपमा लिई त्यसैको समेत सहयोगमा उनको उपन्यासकारिताको विस्तृत अध्ययन गरिएको छ । ती पूर्व अध्ययनहरूलाई कालक्रमिक रूपमा यहाँ उल्लेख गरिएको छ

कृष्णचन्द्रसिंह प्रधान (२०३७) ले **नेपाली उपन्यास र उपन्यासकार** शीर्षक पुस्तकमा नेपाली उपन्यासको विकास प्रकृया र उपन्यासकारहरूको परिचय दिने क्रममा कोइरालालाई प्रगतिशील र धार्मिक दुवै चेतना भएका उपन्यासकारका रूपमा चिनाएका छन् । प्रधानको यो कार्य कोइरालाका उपन्यासहरूको सामान्य परिचय दिनमा सीमित रहेको छ । उनको उपन्यासकारिताको विस्तृत अध्ययन यस कार्यले गर्न सकेको छैन ।

विष्णुप्रसाद अधिकारी (२०५२) ले **भुवनेश्वर कोइरालाको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधकार्य गरेका छन् । अधिकारीले प्रस्तुत शोधपत्रमा भुवनेश्वर कोइरालाको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययन गर्दै उनका दुई उपन्यासहरूको उपन्यास तत्त्वका आधारमा विश्लेषण गरेका छन् । यस क्रममा अधिकारीले कोइरालालाई सुधारवादी चेतना भएका उपन्यासकारका रूपमा चिनाएका छन् । अधिकारीको यस अध्ययनले कोइरालाको उपन्यासकारितालाई केन्द्रमा राखेर अध्ययन गर्न सकेको छैन ।

भवानीप्रसाद पाण्डे (२०६१) ले **प्रगतिवादी नेपाली उपन्यासको इतिहास** नामक अनुसन्धानात्मक पुस्तकमा भुवनेश्वर कोइरालाका उपन्यासहरूको सामान्य परिचय प्रस्तुत गरेका छन् । पाण्डेले यहाँ कोइरालाका उपन्यासहरू सामाजिक विषयवस्तुमा आधारित रहेको कुरा उल्लेख गरेका छन् । पाण्डेको यस कार्यले पनि कोइरालाका उपन्यासहरूको विस्तृत अध्ययन प्रस्तुत गरेको छैन ।

विष्णुप्रसाद पौडेल (२०६२) ले **प्राज्ञमञ्च** भन्ने पत्रिकामा ‘कस्केली उपन्यासका प्रवृत्ति’ शीर्षकमा समालोचनात्मक लेख लेखेको पाइन्छ । पौडेलले यस लेखमा कास्की जिल्लाका उपन्यासकार र तिनका प्रवृत्तिहरूको निरूपण गर्ने सन्दर्भमा कोइरालाको बारेमा पनि संक्षिप्त टिप्पणी गरेका छन् । यस क्रममा उनले कोइरालालाई प्रगतिशील तथा सुधारवादी चेतना भएका उपन्यासकारका रूपमा चिनाएका छन् । पौडेलको यस कार्यले पनि कोइरालाको उपन्यासकारिताको विस्तृत अध्ययन गर्न सकेको छैन ।

राजेन्द्र सुवेदी (२०६४) ले **नेपाली उपन्यास परम्परा र प्रवृत्ति** पुस्तकमा भुवनेश्वर कोइरालाका उपन्यासहरूको सामान्य अध्ययन गरेका छन् । यस अध्ययनमा सुवेदीले कोइरालालाई सुधारवादी चेतना भएका उपन्यासकारका रूपमा चिनाएका छन् ।

अमृतादेवी रेग्मी (२०६५) ले **पचास (वि.सं. २०५१–२०६०) को दशकका नेपाली प्रगतिवादी उपन्यासको सर्वेक्षणात्मक अध्ययन** शीर्षकमा शोधकार्य गरेकी छन् । रेग्मीले उक्त शोधकार्यमा नेपाली प्रगतिवादी उपन्यासको विकासक्रमलाई चरणवद्ध रूपमा प्रस्तावित गर्ने सन्दर्भमा यसको पृष्ठभूमिकालीन समय (२०११-२०१७) का प्रभावकारी उपन्यासकारका रूपमा भुवनेश्वर कोइराला र उनको **सत्य सन्देश र विधवा जीवन** उपन्यासलाई प्रस्तावित

गरेकी छन् । शर्माले विधवा विवाहका पक्षमा लेखिएको कोइरालाको प्रस्तावित उपन्यास प्रगतिशील चेतना भएको उपन्यास भएको चिनारी दिएकी छन् । उनको यस कार्यले पनि कोइरालाको उपन्यासकारिताको सामान्य परिचय मात्रै पस्केको छ ।

रविलाल अधिकारी (२०६५) ले **पोखरेली समालोचना** नामक समालोचनात्मक सङ्ग्रहमा भुवनेश्वर कोइरालाको साहित्यिक योगदान शीर्षक लेख प्रकाशित गराएका छन् । अधिकारीले प्रस्तुत लेखमा भुवनेश्वर कोइरालाका सम्पूर्ण साहित्यिक कृतिहरूको परिचयात्मक तथा विश्लेषणात्मक टिप्पणी उल्लेख गर्दै उनले नेपाली र अझ पोखराको नेपाली साहित्यको विकासमा पुऱ्याएको योगदानको निरूपण गरेका छन् ।

घनश्याम ढकाल (२०६५) ले **पोखरेली समालोचना** नामक समालोचनाको सङ्ग्रहमा 'पोखरेली आख्यानको सर्वेक्षण' शीर्षकको लेख लेखेका छन् । ढकालले प्रस्तुत लेखमा पोखरेली आख्यानकारहरूको परिचयात्मक टिप्पणी दिने क्रममा कोइरालाका औपन्यासिक कृतिहरूको पनि सामान्य परिचय दिएका छन् । उनको यस कार्यमा कोइरालाको उपन्यासकारिताको सतही अध्ययन मात्र भएको छ ।

डी.डी. अधिकारी (२०६५) ले **कुञ्जिनी** पत्रिकामा 'कस्केली उपन्यासकारहरूको संक्षिप्त अध्ययन' शीर्षकमा लेख लेखेका छन् । यस लेखमा अधिकारीले कोरालाका उपन्यासहरूको सामान्य परिचय दिँदै उनलाई सुधारवादी, धार्मिक र प्रगतिशील चेतना भएका उपन्यासकारका रूपमा चिनाएका छन् । उनको यो कार्य पनि कोइरालाको उपन्यासकारिताको सामान्य परिचयमा मात्रै सीमित रहेको छ ।

दुर्गादत्त अधिकारी (२०६६) ले **गण्डकी अञ्चलका प्रगतिवादी नेपाली उपन्यासहरूको अध्ययन** शीर्षकमा स्नातकोत्तर शोधकार्य गरेका छन् । यस अध्ययनमा अधिकारीले गण्डकी अञ्चलका उपन्यासहरूको समग्र सर्वेक्षण गर्ने क्रममा कास्की जिल्लाका प्रगतिशील चेतना भएका उपन्यासकारका रूपमा कोइरालालाई चिनाएका छन् । अधिकारीको यो अध्ययन प्रगतिवादी उपन्यासको अध्ययनमा केन्द्रित रहेकाले यहाँ कोइरालाको उपन्यासकारिताको विस्तृत रूपमा अध्ययन हुन सकेको छैन ।

उपर्युक्त पूर्वकार्यहरू हेर्दा कोइरालाका उपन्यासका बारेमा गहन अध्ययन एवं विश्लेषण भएको पाइँदैन । यिनले दिएका निष्कर्षहरू पनि समान छैनन् । अतः शोधकार्यमा कोइरालाको उपन्यासकारिताको विस्तृत अध्ययन गरिएको छ ।

## १.५ अध्ययनको औचित्य तथा मह□व

माथिको पूर्वकार्यको समीक्षाबाट भुवनेश्वर कोइरालाका उपन्यासमा सामान्य समीक्षा तथा टिप्पणी भए पनि तिनका उपन्यासहरूको गहन अध्ययन हुन सकेको देखिदैन । वि.सं. २०१३ मा देखा परेका उनका उपन्यासहरूको अध्ययन गर्नु यस शीर्षकको औचित्य रहेकोछ भने पछि आउने पाठक वर्गहरूले अध्ययन एवं खोज-अनुसन्धान गर्न चाहने जो-कोहीका लागि प्रस्तावित शोधकार्यले मह□वपूर्ण भूमिका खेल्ने छ । उनका उपन्यासको अध्ययन साथै पोखराली गद्य लेखन र उपन्यासका क्षेत्रमा कोइरालाको योगदानको अध्ययनमा यस शोधकार्यको मह□व रहेको छ ।

## १.६ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधपत्र तयार गर्दा सामग्रीसङ्कलनका लागि मूल रूपमा पुस्तकालयीय अध्ययनलाई अँगालिएको छ । विषयक्षेत्र अन्तर्गतका विवेच्य उपन्यासहरू प्राथमिक सामग्रीका रूपमा रहेका छन् भने उपन्यास विश्लेषणको लागि प्रस्तुत गरिएका पूर्वकार्य तथा सन्दर्भग्रन्थहरू द्वितीय सामग्रीका रूपमा रहेका छन् । आवश्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक एवम् उपन्यासकारका आफन्तहरूबाट पनि जानकारी लिइएको छ ।

प्रस्तुत शोधपत्र उपन्याससँग सम्बद्ध भएकाले उपन्याससिद्धान्तमा रहेका संरचक घटकहरूलाई उपन्यासको विश्लेषणको सैद्धान्तिक आधार बनाइएको छ ।

## १.७ शोधकार्यको सीमाङ्कन

नेपाली साहित्यका कविता, उपन्यास, नाटक आदि विविध विधामा कलम चलाउन सफल कोइरालाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन भइसकेको पाइन्छ । प्रस्तुत शोधकार्यको लक्ष्य उनको उपन्यासकारिताको अध्ययन गर्ने रहेको हुँदा उनका प्रकाशित दुई उपन्यासहरू **सत्य सन्देश र विधवा जीवन** (२०१३) र **वैकुण्ठको महल** (२०१३) मा केन्द्रित

भई उनको उपन्यासकारिताको अध्ययन एवं विश्लेषण गरिएको छ । यही नै यस शोधकार्यको सीमा हो ।

## १.८ शोधविधि

प्रस्तावित शोधकार्यमा वर्णनात्मक एवं विवरणात्मक पद्दति अपनाइएको छ । यसका साथै उपन्यासका स्थापित त□वका अधारमा कोइरालाका औपन्यासिक कृतिको विवेचना गरिएको छ । त्यसक्रममा विश्लेषणात्मक विधिको प्रयोग गरिएको छ ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तावित शोधकार्यको संरचनालाई सुगठित एवं व्यवस्थित रूपमा प्रस्तावित गर्नका लागि निम्न परिच्छेदमा विभाजन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

दोस्रो परिच्छेद : उपन्यासकार भुवनेश्वर कोइरालाको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : भुवनेश्वर कोइरालाका उपन्यासहरूको अध्ययन

चौथो परिच्छेद : भुवनेश्वर कोइरालाको औपन्यासिक प्रवृत्ति र मूल्याङ्कन

पाँचौ परिच्छेद : उपसंहार

शोधपत्रको अन्त्यमा अध्ययनका क्रममा प्रयोग गरिएका विभिन्न पुस्तक, पत्रपत्रिका तथा शोधपत्रहरूलाई सन्दर्भसूचीका रूपमा प्रस्तुत गरिएको छ ।

# दोस्रो परिच्छेद

# उपन्यासकार भुवनेश्वर कोइरालाको संक्षिप्त परिचय

## २.१ विषयप्रवेश

भुवनेश्वर कोइराला (१९८३-२०६५) नेपाली साहित्यका क्षेत्रमा स्मरणीय व्यक्तित्व हुन् । उनले कविता, नाटक, उपन्यास, भजन, अनुवाद तथा अन्य विविध क्षेत्रमा कलम चलाएको पाइन्छ । कोइराला सामान्य पारिवारिक पृष्ठभूमिमा हुर्केको देखिन्छ । उनको कृतित्वको अध्ययन भई सकेको छ । तर उपन्यासकारिताको अध्ययन हुन बाँकी नै छ । उनको जीवनी व्यक्तित्व र कृतित्वको चिनारी सहित उपन्यासकार व्यक्तित्वको अध्ययन यस अध्यायमा प्रस्तुत गरिएको छ ।

## २.२ भुवनेश्वर कोइरालाको परिचय

भुवनेश्वर कोइरालाको जन्म १९८३ साल माघ १७ गते कास्की जिल्लाको पोखरामा भएको हो । माता कुलकुमारी कोइराला र बाबु दुर्गादत्त कोइरालाका जेठा सन्तानका रूपमा जन्मेका भुवनेश्वर कोइरालाको बाल्यकाल आफ्ना पिताको जागिरे बसाइँसँगै देशका विभिन्न ठाउँमा बितेको देखिन्छ । भुवनेश्वर कोइरालाका पुर्खाहरू राज-पुरोहितका रूपमा दरबारमा सक्रिय रहेकाले उनीहरूले बिर्ता समेत प्राप्त गरेका थिए । जसको कारणले गर्दा उनका पुर्खाहरू नै शिक्षा र सुविधाका क्षेत्रमा अगाडि थिए । उनका बाजे, बाबुहरू सरकारी जागिरमा रहेको कारणले गर्दा पनि उनको बाल्यकाल सुखमय अवस्थामा नै बितेको पाइन्छ (अधिकारी, २०५२ :१) ।

भुवनेश्वर कोइरालाले आफ्ना बाबुको जागिरको सरुवासँगै बाग्लुङ्ग, दोलखा, प्युठान आदि स्थानहरूमा बाल्यकाल बिताएको र त्यहाँका विद्यालयहरूबाट औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ । कोइरालाको औपचारिक शिक्षाको आरम्भ बाग्लुङ्गको संस्कृत पाठशालाबाट भएको हो (अधिकारी, २०५२ :२) । उनले आफ्नो दोलखा बसाइँका क्रममा पिताबाट नै अनौपचारिक रूपमा कानुनको ज्ञान हाँसिल गरेका थिए भने प्युठान बसाइँका क्रममा स्वर्गद्वारी छात्रावासबाट औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ । यसपछि १९९६

सालमा प्युठानबाट पोखरा फर्केका कोइरालाले आफ्नो पढाइलाई निरन्तरता दिँदै संस्कृतमा उत्तरमध्यमासम्मको र अङ्ग्रेजीमा कक्षा दशसम्मको औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ (अधिकारी, २०५२ : ३) ।

भुवनेश्वर कोइरालाले आफ्नो जीविकोपार्जनका लागि सरकारी जागिरलाई रोजेको पाइन्छ । उनले २००१ सालमा प्रधानन्यायलयमा नौसिन्दा पदमा भर्ना भएर यस क्षेत्रमा प्रवेश गरेका हुन् (अधिकारी, २०५२ : ४) । यसपछि कोइरालाले विभिन्न पदीय हैसियतमा रहेर विभिन्न अदालतहरूमा कार्य गरेको पाइन्छ । उनी न्याय क्षेत्रको सर्वोच्च निकाय सर्वोच्च अदालतसम्म रहेर काम गरेको पाइन्छ (अधिकारी, २०५२ : ७ ) । जागिरे जीवनबाट निवृत्त भएपछि कोइराला धार्मिक क्षेत्रमा बढी क्रियाशील रहेको पाइन्छ । धार्मिक कार्यमा संलग्न भए पनि कोइराला धर्मका नाममा हुने विभिन्न प्रकारका विकृति र विसङ्गति तथा शोषणको विरुद्धमा रहेको देखिन्छ । वि.सं. २००२ मा वैवाहिक सूत्रमा बाँधिएका कोइरालाका २ छोरा र चार छोरीहरू सन्तानका रूपमा रहेका छन् । उनको मृत्यु २०६५ सालमा भएको हो ।

## २.३ साहित्य लेखन प्रेरणा र प्रभाव

भुवनेश्वर कोइरालाको साहित्य लेखनको प्रेरणामा उनका पिताको योगदान सबैभन्दा मह वपूर्ण रहेको छ । कोइरालाले आफ्ना पिताको जागिरे जीवनमा देश दर्शन गर्ने मौका पाएका थिए । यसका साथै उनले आफ्ना पिताबाट नियमकानूनका कुराहरूको बारेमा समेत ज्ञान आर्जन गरेको पाइन्छ (अधिकारी, २०५२ : ७) । ज्ञान प्रदान गर्ने र अर्ति उपदेश दिने क्रममा कोइरालालाई उनका पिताले बारम्बार किताब लेख्नु पर्ने कुरा पनि भनेको पाइन्छ (अधिकारी, २०५२ : १४) । पिताको जागिरे जीवनसँगै र आफ्नै जागिरे जीवनमा देशको विभिन्न स्थानमा पुगेका कोइरालाले त्यहाँको भौगोलिक बनावट, आर्थिक, सामाजिक, सांस्कृतिक रहनसहन तथा परम्परालाई नजिकबाट अध्ययन गर्ने मौका पाएको देखिन्छ । यसका साथै उनले समाजमा रहेका विभिन्न वर्ग र तहका मानिससँग भेटघाट, चिनाजान तथा छलफल गर्ने अवसर प्राप्त भएको पाइन्छ । न्याय पेसामा संलग्न भएका कोइरालाले त्यस क्षेत्र र पेसामा देखिएका विविध प्रकारका विकृति र विसङ्गतिलाई पनि नजिकैबाट हेर्ने मौका पाएको पनि भेटिन्छ (रविलाल अधिकारीबाट प्राप्त जानकारी ) । यी विभिन्न पक्षहरूले कोइरालालाई साहित्यकार बनाउनमा मह वपूर्ण भूमिका खेलेको पाइन्छ । कोइरालाले

लेखनाथ पौड्यालका नीति चेतना सम्बन्धी कविताहरू बाल्यकालदेखि नै पढ्ने गरेको उल्लेख छ । काठमाडौंमा रहँदा उनले अन्य साहित्यकारहरू लक्ष्मीप्रसाद देबकोटा, बालकृष्ण सम जस्ता साहित्यकारहरूका कृतिहरू पढेका थिए (अधिकारी, २०५२ : १२) । यसबाट पनि कोइरालाले साहित्य लेखनका लागि प्रेरणा र प्रभाव ग्रहण गरेको पाइन्छ । कोइराला पोखराका साहित्यकार मुक्तिनाथ तिम्सिनाका नातेदार र सहपाठी हुन् । यसकारण उनबाट पनि कोइरालाले प्रभाव र प्रेरणा प्राप्त गरेका हुन् । कोइरालाको उपन्यासकारितामा नेपाली उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादको आमन्त्रण गरेको कृति **रूपमती**को प्रभाव पनि परेको पाइन्छ । कोइरालाले उक्त प्रभावलाई आफ्ना उपन्यासमा सुधारवादी चेतनाका रूपमा प्रस्तुत गरेको पाइन्छ ।

समग्रमा साहित्यकार भुवनेश्वर कोइरालामा आफ्ना पिताको, जागिर, नेपाली साहित्यका विभिन्न साहित्यकारहरू, सामाजिक तथा सांस्कृतिक परिवेश, पारिवारिक परिवेश तथा विभिन्न साहित्यिक व्यक्तिका साहित्यिक कृति तथा तिनीहरूको जीवनी आदिको प्रभाव तथा प्रेरणा रहेको पाइन्छ ।

## २.४ साहित्य लेखन

भुवनेश्वर कोइराला कवितामार्फत नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनले १० वर्षको उमेरमा नै साहित्य लेखनको आरम्भ गरेका हुन् (अधिकारी, २०५२ : १३) । कोइरालाको पहिलो रचना **ध्रुव** शीर्षकको कविता हो र यो प्रकाशित हुन नपाउँदै यसको पाण्डुलिपि हराएको भनी कोइरालाले जानकारी दिएका छन् (अधिकारी, २०५२ : १३) । यसपछि आफूलाई छोएका विभिन्न विषयमा फुटकर रचनाहरू लेख्दै आएका भए पनि कृतिगत रूपमा भने २००९ सालमा लेखनारम्भ गरी २०१३ सालमा प्रकाशित भएको **भिल्को** नाटक पहिलो प्रकाशित रचनाका रूपमा अगाडि आएको छ । यस नाटकमा कोइरालाले तत्कालीन नेपाली समाजमा व्याप्त रहेका भ्रष्टाचार, ढिलासुस्ती र घुसखोरी आदिजस्ता विकृतिहरूको यथार्थ घटनाहरूलाई कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । उनको २०१० सालबाट लेख्न सुरु गरिएको **सत्य सन्देश र विधवा जीवन** र **वैकुण्ठको महल** गरी दुई उपन्यासहरू २०१३ सालमा प्रकाशित भएका छन् । कोइरालाको यो साहित्यिक यात्रामा २०३० सालमा ४२ वटा भजनहरूको सङ्ग्रह **भुवन भजनमाला** प्रकाशित भएको पाइन्छ ।

## २.५ भ्रमण

सानै उमेरमा देशभित्रका विभिन्न ठाउँहरूको भ्रमण गर्ने अवसर पाएका भुवनेश्वर कोइरालाको रुचिको विषयका रूपमा भ्रमण रहेको छ । उनको उमेरको १६ वर्ष आफ्ना पितासँगै देशका विभिन्न स्थानहरूको भ्रमण गरेको उल्लेख छ (अधिकारी, २०५२ : १४) । यसका साथै कोइरालाले भारतका विभिन्न स्थानहरू वनारस, गया, काशी, बद्री केदार, आदि ठाउँहरूको भ्रमण गरेको पनि पाइन्छ ।

## २.६ भुवनेश्वर कोइरालाको व्यक्तित्व

साहित्यकार भुवनेश्वर कोइराला बहुमुखी व्यक्तित्व भएका व्यक्ति हुन् । उनको व्यक्तित्वलाई मुख्य रूपमा दुई खण्डमा १. साहित्येतर व्यक्तित्व र २. साहित्यिक व्यक्तित्वमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ । उनको साहित्येतर व्यक्तित्व अन्तर्गत शारीरिक व्यक्तित्व, जागिरे अर्थात कानुनी व्यक्तित्व, सामाजिक व्यक्तित्व, धार्मिक व्यक्तित्व आदिलाई सामावेश गर्न सकिन्छ । त्यस्तै गरी उनको साहित्यिक व्यक्तित्वलाई कवि व्यक्तित्व, नाटककार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, भजनकार व्यक्तित्व र अनुवादक व्यक्तित्वमा विभाजन गर्न सकिन्छ ।

### २.६.१ साहित्येत्तर व्यक्तित्व

भुवनेश्वर कोइरालाको साहित्येत्तर व्यक्तित्व अन्तर्गत शारीरिक व्यक्तित्व, जागिरे अर्थात कानुनी व्यक्तित्व, सामाजिक व्यक्तित्व, धार्मिक व्यक्तित्व आदिलाई सामावेश गर्न सकिन्छ । उनको साहित्येत्तर व्यक्तित्वका यी विभिन्न पाटाहरूको सङ्क्षेपमा यहाँ चर्चा गरिएको छ ।

#### २.६.१.१ शारीरिक व्यक्तित्व

गहुँगोरो अनुहारका भुवनेश्वर कोइरालाको शारीरिक व्यक्तित्व आकर्षक रहेको विभिन्न सन्दर्भमा उल्लेख छ । उनको पुष्ट निधार, ठिक्कको शरीर, मझौला कदको शारीरिक बनोटको पनि चर्चा पाइन्छ । उनी व्यवहारमा अति सरल र बोलीमा मृदु स्वभावका व्यक्ति थिए (गेहेन्द्रश्वर कोइरालाबाट प्राप्त जानकारी) । युवा अवस्थामा राष्ट्रिय

पोसाकमा सजिने भुवनेश्वर कोइराला जीवनको अन्त्यतिर सेतो धरो, पहेलो कमिज, पहेँलो पछ्यौरा धारण गरेको पाइन्छ (अधिकारी, २०५२ : १५) ।

### २.६.१.२ जागिरे तथा कानुनी व्यक्तित्व

भुवनेश्वर कोइरालाले जीविकोपार्जनका लागि सरकारी जागिरलाई रोजेको पाइन्छ । उनले न्याय क्षेत्रमा जागिरे जीवन बिताएको उल्लेख छ । यसले उनको जागिरे तथा कानुनी व्यक्तित्वको निर्माण गरेका हो । वि.सं. २००१ मा यस क्षेत्रमा प्रवेश गरेका कोइरालाले सर्बोच्च अदालतको नौसिन्दा, स्याङ्जा जिल्ला अदालतको मुखिया आदि जस्ता पदीय हैसियतमा रहेर काम गरेका पाइन्छ (अधिकारी, २०५२ : १६) । उनी जागिरबाट निवृत्त भई सकेपछि पनि कानुनी व्यवसायमा संलग्न रहेका सूचना छ (गेहेन्द्रेश्व कोइरालाबाट प्राप्त जानकारी) । यी विभिन्न सन्दर्भहरूले कोइरालाको जागिरे तथा कानुनी व्यक्तित्वको निर्माण गरेका छन् ।

### २.६.१.३ सामाजिक व्यक्तित्व

भुवनेश्वर कोइराला सामाजिक उन्नति चाहने व्यक्तित्व हुन् । उनी समाजमा हुने विभिन्न खालका अन्धविश्वस, कुरीति र कुसंस्कारजन्य प्रवृत्तिका विरुद्धमा सक्रिय देखिन्छन् । उनले समाजमा रहेका निम्न वर्गका मानिसहरूप्रति कथित ठूलाठालुहरूले गर्ने गरेको शोषणले समाजको उन्नतिमा बाधा पुऱ्याएको ठान्छन् र त्यसको अन्त्यका लागि उनी सक्रिय रहेको उल्लेख छ (अधिकारी, २०५२ :१७)) । उनले विभिन्न धार्मिक स्थलको निर्माण गरेर पनि सामाजिक विकासमा टेवा पुऱ्याएको पाइन्छ । यसका साथै उनी समाजको विकासका लागि शिक्षाको विकास हुनु पर्ने कुरामा विश्वास राख्ने व्यक्तित्व हुन् । उनले २०१९ सालमा पोखराको राष्ट्रिय मा.वि.मा निशुल्क शिक्षण कार्य गरेको पाइन्छ (अधिकारी, २०५२ : १७) । कोइरालाको यस कार्यलाई पनि उनको समाज सेवाको मह□वपूर्ण कदमका रूपमा उल्लेख गर्न सकिन्छ । यसरी कोइरालाले समाज सेवाका विभिन्न कार्यमा संलग्न रहेर आफ्नो सामाजिक व्यक्तित्वको निर्माण गरेका छन् । सामाजिक विकृतिको विरुद्ध सक्रिय कोइरालामा सामाजिक व्यक्तित्वको प्रभाव उनका उपन्यासमा पनि पाइन्छ ।

### २.६.१.४ धार्मिक व्यक्तित्व

भुवनेश्वर कोइराला कट्टर धार्मिक परिवारमा जन्मेका व्यक्ति हुन् । पारिवारिक पृष्ठभूमिका कारण बाल्यकालबाट नै उनमा प्रभाव परेको पाइन्छ । पछिल्लो समयमा भने धार्मिक कार्यमा लाग्न उनलाई पारिवारिक पृष्ठभूमि प्राप्त भएको पाइन्छ । तर कोइराला धर्मका नाममा हुने विभिन्न प्रकारका शोषणको विरुद्धमा देखिएका छन् । उनको धार्मिक आचरण समाज परिवर्तनका पक्षमा रहेको छ (अधिकारी, २०५२ : १८) । समाजको सेवा गर्नु नै धर्म हो यसका लागि समाजबाट पछाडि परेका मानिसहरूलाई अगाडि ल्याउनु पर्छ र उनीहरूको उत्थान गर्नु साँचो अर्थमा धार्मिक कार्य हो भन्ने कुरामा कोइराला विश्वास गर्छन् (अधिकारी, २०५२ : १८) । आफ्नो जीवनको उत्तरार्ध अवस्थामा पुगी सकेपछि उनी विभिन्न मन्दिरहरूको निर्माण गर्ने, तीर्थव्रत गर्ने र विभिन्न धार्मिक प्रवचनहरू दिने कार्यमा संलग्न रहेका छन् । यी सबै कार्य कोइरालाको धार्मिक व्यक्तित्वका निर्माता हुन् । धार्मिक आडम्बरका विरुद्धमा देखिएका कोइरालाको व्यक्तित्वको छाप यिनका उपन्यास लेखनमा पनि रहेको छ ।

### २.६.२ साहित्यिक व्यक्तित्व

भुवनेश्वर कोइरालाले नेपाली साहित्यका विभिन्न विधामा हात हालेका छन् । जसले कोइरालाको साहित्यिक व्यक्तित्वका पनि विभिन्न पाटाहरूको निर्माण गरेका छन् । उनले गरेको साहित्यिक कार्यका आधारमा उनको साहित्यिक व्यक्तित्वलाई कवि व्यक्तित्व, नाटककार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, भजनकार व्यक्तित्व र अनुवादक व्यक्तित्वमा विभाजन गर्न सकिन्छ । कोइरालाको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूको छुट्टाछुट्टै चर्चा यहाँ गरिएको छ ।

### २.६.२.१ कवि व्यक्तित्व

भुवनेश्वर कोइराला कवितामार्फत नै साहित्यमा प्रवेश गरेका हुन् । सर्वप्रथम कोइरालाले आफ्नो उमेरको १२ वर्षमा 'ध्रुव' शीर्षकको कविता लेखेको पाइन्छ र अप्रकाशित अवस्थामा नै पाण्डुलिपि हराएको यो कविता नै कोइरालाको पहिलो साहित्यिक रचना हो । यसपछि पनि कोइरालाले समयसमयमा कविताहरू लेख्ने गरेको सूचना पाइए पनि हालसम्म

उनका कविताका कुनै पनि कृतिहरू प्रकाशित हुन सकेका छैन । अप्रकाशित रूपमा नै भए पनि उनले विभिन्न कविताहरू लेखेको सूचना पाइन्छ (अधिकारी, २०५२ : १८) अप्रकाशित कविताहरूका आधारमा कोइरालाको कवि व्यक्तित्वको स्मरण गर्न सकिन्छ ।

### २.६.२.२ नाटककार व्यक्तित्व

भुवनेश्वर कोइरालाका साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरूमध्येको एक मह□वपूर्ण पाटोका रूपमा नाटककार व्यक्तित्व रहेको छ । उनको २०१३ सालमा **झिल्को** शीर्षक पूर्णङ्की नाटक पुस्तकाकार रूपमा प्रकाशित भएको देखिन्छ । यस नाटकमा कोइरालाले आफूले जागिरे जीवनमा भोगेका विभिन्न कुराहरूलाई विषयवस्तु बनाएका छन् । उनले प्रस्तुत नाटकमा २००७ सालदेखि २०१५ साल बीचको नेपाली समाजमा देखापरेका विविध विकृति र विसङ्गतिहरू टिप्दै समाजका सीमित वर्गले सोझासाझा तथा निम्न वर्गमाथि गरेका शोषणका विभिन्न रूपहरूलाई नाटकीकरण गरेका छन् । यस नाटकमा कोइरालाले निम्न वर्गका पात्रप्रति विशेष सहानुभूति प्रकट गरेका छन् र त्यसबाट नै समाज सुधारको आफ्नो उद्देश्यमाथि प्रकाश पारेका छन् । यस अर्थमा भुवनेश्वर कोइरालाको नाटककार व्यक्तित्व समाज सुधारका पक्षमा रहेको छ ।

### २.६.२.३ उपन्यासकार व्यक्तित्व

भुवनेश्वर कोइरालाका साहित्यिक व्यक्तित्वको सबैभन्दा मह□वपूर्ण व्यक्तित्व उनको उपन्यासकार व्यक्तित्व हो । कोइरालाका २०१३ सालमा नै **सत्य सन्देश र विधवा जीवन तथा वैकुण्ठको महल** गरी दुई औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । कोइरालाका यी दुवै औपन्यासिक कृतिहरूमा सामाजिक विषयवस्तुलाई औपन्यासिकीकरण गरिएको छ । प्रस्तुत शोधपत्रको प्रमुख उद्देश्य कोइरालाका यिनै प्रकाशित दुई उन्यासहरूका आधारमा उनको उपन्यासकारिताको अध्ययन गर्ने रहेको छ । यसकारण उनको औपन्यासिक व्यक्तित्वका बारेमा विस्तृत अध्ययन शोधपत्रको पछिल्लो खण्डमा गरिएको छ ।

### २.६.२.४ भजनकार व्यक्तित्व

वि.सं. २०१३ मा एकै पटक तीनवटा पुस्तकाकार कृतिहरू लिएर देखा परेका भुवनेश्वर कोइरालाले लामो साहित्यिक शिथिलतालाई तोड्दै २०३० सालमा ४२ वटा

भजनहरूको सङ्ग्रह **भुवन भजनमाला** प्रकाशित गराएको पाइन्छ । यस भजन सङ्ग्रहले भुवनेश्वर कोइरालाको भजनकार व्यक्तित्वको परिचय दिएको छ । यस भजन सङ्ग्रहमा रहेका भजनहरू मुख्य रूपले धार्मिक विषयका भए पनि अन्य विषयवस्तु पनि समेटिएको पाइन्छ । भजन कवितात्मक वा गेय विधा हो भुवनेश्वर कोइरालाका यी भजनहरूमा कविता विधाका शास्त्रीय धर्मको पालना भएको पाइन्छ (अधिकारी, २०५२ : ६३) । उनका भजनको मूल उद्देश्य धार्मिक पक्षमा देखिने विभिन्न प्रकारका विकृतिहरूको सुधार गर्नु रहेको छ ।

#### २.६.२.५ अनुवादक व्यक्तित्व

भुवनेश्वर कोइराला नेपाली साहित्यका मूलतः उपन्यासकार, त्यसपछि नाटककार र भजनकार व्यक्तित्व हुन् । भुवनेश्वर कोइरालाको साहित्यिक व्यक्तित्व अनुवादकारितासम्म विस्तारित भएको पाइन्छ । कोइरालाले अज्ञात लेखकद्वारा लिखित **आत्मा चिन्तन** नामको संस्कृत भाषामा लेखिएका श्लोकहरू नेपाली र हिन्दी भाषामा अनुवाद गरेका छन् । यस कार्यले भुवनेश्वर कोइरालाको साहित्यिक व्यक्तित्वमा अनुवादक व्यक्तित्व थपिएको छ । उनको भाषिक ज्ञान र क्षमताको परिचय पनि अनुवादक व्यक्तित्वको प्रमाण हो ।

#### २.६.२.६ फुटकर लेखक तथा निबन्धकार व्यक्तित्व

भुवनेश्वर कोइरालाले धर्म र राजनीतिलाई विषयवस्तु बनाएर विभिन्न निबन्धात्मक आलेखहरू लेखेको पाइन्छ (अधिकारी, २०५२ : ६३) । उनका लेख तथा निबन्धहरू तत्कालीन राजनीतिक स्थितिलाई धार्मिक सन्दर्भसँग जोडेर लेखिएका छन् । उनका यस्ता लेख निबन्धहरू २०२६ सालको **गोरखापत्र**का विभन्न अङ्कका साथै अन्य विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएको पाइन्छ (अधिकारी, २०५२ : ६४) । उनको गद्य लेखनको नमुना यी निबन्धात्मक लेख रचनालाई पनि मान्न सकिन्छ ।

## २.७ निष्कर्ष

भुवनेश्वर कोइरालाले आफ्नै घरबाट अनौपचारिक रूपमा शिक्षाअर्जन गर्न सुरु गरेका हुन् । यसपछि उनले देशका विभिन्न स्थानमा आफ्ना पिता दुर्गादत्त कोइरालाको जागिरको सरुवासँगै त्यस ठाउँका विभिन्न विद्यालय तथा गुरुकुलहरूमा रहेर औपचारिक रूपमा शिक्षा आर्जन गरेका हुन् । राणा परिवार र दरबारसँग राम्रो सम्बन्ध भएको कोइराला

परिवारमा जन्मेका भुवनेश्वरको बाल्यकाल सुखमय रूपले बितेको पाइन्छ । दरबारबाट नै बिर्ता पाएर पोखरा बजारमा बस्दै आएको कोइराला परिवारका सदस्यका हैसियतले उनले पनि सरकारी जागिरमा प्रवेश गर्ने अवसर प्राप्त गरेको देखिन्छ । दुई छोरा र चार छोरी गरी छजना सन्तानका अभिभावक बनेका कोइरालाले सामाजिक सङ्घ-संस्था, धर्मकर्मलगायतका कार्यमा लागेर विभिन्न साहित्येतर व्यक्तित्वको निर्माण गरेका छन् । यसका साथै नेपाली साहित्यका विभिन्न विधामा हात हालेर साहित्यिक व्यक्तित्वमा पनि विविधता निर्माण गर्न उनी सफल भएका छन् । उनले नेपाली साहित्यका कविता, नाटक, उपन्यास तथा थुप्रै मात्रामा फुटकर लेख निबन्धहरू लेखेका छन् । कोइरालाको साहित्येर व्यक्तित्व अन्तर्गत सरकारी जागिरमा लागेर न्याय सेवामा संलग्न रहेकाले जागिरे तथा कानुनी व्यक्तित्व, विभिन्न सामाजिक कार्यमा संलग्न भएर समाज सेवामा संलग्न भएकाले सामाजिक व्यक्तित्व, धर्म कर्ममा विशेष रुचि राख्दै त्यसमा संलग्न भएकाले धार्मिक व्यक्तित्व जस्ता व्यक्तित्वका पाटाहरू रहेका छन् । त्यसै गरी अप्रकाशित नै भए पनि कविताबाट नेपाली साहित्यमा प्रवेश गरेका कोइरालाका साहित्यिक व्यक्तित्वका पनि विभिन्न पाटाहरू रहेका छन् । उनका कवि व्यक्तित्व, नाटककार व्यक्तित्व, उपन्यासकार व्यक्तित्व, भजनकार व्यक्तित्व, अनुवादक व्यक्तित्व साहित्यिक व्यक्तित्वका विविध पाटा हुन् । यसकारण भुवनेश्वर कोइराला बहुमुखी व्यक्तित्वका धनी व्यक्ति हुन् । उनको समग्र जीवन सुखमय तरिकाले साहित्यिक तथा धार्मिक र सामाजिक सेवा गर्दै बितेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# भुवनेश्वर कोइरालाका उपन्यासहरूको अध्ययन

## ३.१ विषयप्रवेष

भुवनेश्वर कोइराला (१९८३-२०६५) लामो समयसम्म न्याय सेवामा सङ्लग्न रहेर नेपाली साहित्यका कविता, उपन्यास, नाटक, जीवनी र भजनजस्ता विधामा हात हालेका साहित्य साधक व्यक्तित्व हुन् । उनका दुईवटा उपन्यासहरू प्रकाशित भएको पाइन्छ । ती **सत्य सन्देश र विधवा जीवन** (२०१३) र **वैकुण्ठको महल** (२०१३) हुन् । यी उपन्यासहरू मध्ये पहिलो उपन्यास नेपाली समाजले विधवा महिलाप्रति न्याय गर्न नसकेको भन्दै विधवा विवाहका पक्षमा लेखिएको प्रगतिशील चेतना भएको उपन्यास हो । त्यसै गरी उनको दोस्रो उपन्यासमा नेपाललाई नै वैकुण्ठ बनाउने राष्ट्रिय भावना रहेको पाइन्छ । कोइरालाको प्रस्तुत उपन्यास आदर्शको पक्षमा लेखिएकाले सत् र असत् पक्षको उजागर गर्दै सत्को विजय देखाएर टुङ्गिएको छ । एकै वर्षमा दुईवटा उपन्यासहरू लेखेर उपन्यासलेखन कार्यबाट विमुख भएका कोइरालाका यी उपन्यासहरूलाई उपन्यास विधाका स्थापित विधा त□वका आधारमा विश्लेषणात्मक अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## ३.२ उपन्यास विश्लेषणका आधार

उपन्यास शब्द 'उप' र 'न्यास'को संयोगबाट बनेको हो । उप भनेको नजिक र न्यास भनेको राख्नु हो । यसरी कुनै वस्तुलाई कसैको नजिक राख्नु नै उपन्यासको अर्थ हुन आउँछ । साहित्यिक विधाका रूपमा यसलाई चिनाउँदा आख्यान त□व प्रबल भएको र जीवनका सत्य बिम्बलाई ग्रहणीय, मननीय र अनुकरणीय बनाएर प्रस्तुत गरिने रचना विधान हो, यो । उपन्यासले जीवनको सामाजिक अनुभूतिलाई यथार्थरूपमा प्रस्तुत गर्दछ । अङ्ग्रेजी साहित्यमा यसलाई 'नोवेल' शब्दले चिनाइन्छ र नेपालीको उपन्यास शब्द यसैको रूपान्तरण हो । ल्याटिन भाषाको 'नोवोस' बाट विकसित भएको यस शब्दले घटना, वस्तु, पात्र, परिवेश, कुतूहलता, द्वन्द्व, प्रस्तुतीकरणसमेतको आख्यानात्मक रूपमा प्रस्तुत गरिएको साहित्यिक विधा भन्ने अर्थ दिन्छ (सुवेदी, २०६४ : ०७) ।

उपन्यास भनेको निश्चित आकार भएको जीवन र जगत्प्रतिको विस्तृत अभिव्यक्ति हो जसमा एउटा सिङ्गो संसार अटाएको हुन्छ । उपन्यासलाई जीवनको नवीन रस उत्पन्न गर्ने वस्तुका रूपमा लिने गरिन्छ । जीवनको यथार्थ चित्रणका प्रस्तुतिहरू, जीवनका क्रियाकलापहरूलाई प्रतिपादन गरिएको हुन्छ । वस्तु र घटनाको प्रयोग गरिएको हुन्छ ( सुवेदी, २०६४ : ७) । पात्रहरूको यथार्थ जीवन पनि प्रस्तुत गरिएको हुन्छ । वस्तुलाई शिल्पले र शिल्पलाई शैलीले संयोजन गरिएको हुन्छ । समाजका जीवनमा आएका परम्परा र सांस्कृतिक पक्षहरू, चिन्तनपरम्परा र मान्यताका मानदन्डहरू उपन्यासमा समीकरण गरिएको हुन्छ ।

उपन्यास मानव जीवनको विस्तृत पक्ष र सम्बद्ध परिवेशको प्रस्तुति भएको गद्यात्मक साहित्यिक विधा हो । यसले जीवनको प्रस्तुति गर्ने हुनाले त्यसक्रममा यसमा स्वरूपगत विविधता देखिन्छन् । उपन्यासको स्वरूपमा समानता स्थापित गर्ने पक्ष नै उपन्यासका त□वहरू हुन् । आधुनिक समालोचनामा यिनलाई त□व नभनेर उपकरणका रूपमा व्याख्या गरिएको पाइन्छ (सुवेदी, २०६४ :७) । उपकरणहरूको काम संरचनागत सौन्दर्य र संज्ञानात्मकता प्रस्तुत गर्नु हो । उपन्यासको संरचानाका यतिमात्र उपकरण छन् भनेर किटान गर्नु वस्तुगत ठहर्दैन । उपन्यास विश्लेषणको मुख्य आधार भनेको यस विधाका संरचक घटक, उपकरण अर्थात् त□व हुन् । उपन्यासका त□वहरूको निर्धारण गर्ने सन्दर्भमा नेपाली विद्वान्हरू बीच मत भिन्नताको स्थिति रहेको छ । नेपाली उपन्यासका बारेमा सैद्धान्तिक चिन्तन प्रधान (२०४३), बराल (२०६३), सुवेदी (२०६४) लगायतका कार्यमा आएको छ । यी कार्यमा उपन्यासको चिनारी, विधागत संरचक घटक या उपकरण, नेपाली उपन्यासको परम्पराको विस्तृत र अन्वेषणमूलक अध्ययन गरिएको छ । यी कार्यमध्ये बराल, सुवेदी र प्रधानका कार्यमा उपन्यास विश्लेषणको आधार यस प्रकार चर्चा गरिएको छ ।

बराल (२०६३) ले उपन्यास संरचनाका त□वहरू भनेर कथानक, चरित्र, सारतत्व, दृष्टिबिन्दु, भाषालाई मुख्य त□व र शैली, भावपरिमण्डल, कार्यपीठिका, चित्तवृत्ति, पर्यावरण तथा लय र गतिलाई सहयक त□वका रूपमा अगाडि सारेका छन् (बराल, २०६३ : ५३) ।

सुवेदी (२०६४) ले उपन्यासका त□वहरूलाई उपकरण भनेर वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश र उद्देश्यलाई जनाएका छन् (सुवेदी, २०६४ : १७) ।

कृष्णचन्द्रसिंह प्रधानले (१)कथानक, (२) चरित्र, (३) संवाद, (४) देशकाल वातावरण अर्थात परिवेश, (५) भाषाशैली, (६) उद्देश्यलाई उपन्यासका त□व मानेका छन् (प्रधान, २०४३ : ०७) । प्रधानले निर्धारण गरेका यिनै औपन्यासिक त□वका आधारमा भुवनेश्वर कोइरालाका औपन्यासिक कृतिहरूको विश्लेषणात्मक अध्ययन यस सन्दर्भमा प्रस्तुत गरिएको छ ।

## ३.३ 'सत्य सन्देश र विधवा जीवन' उपन्यासको अध्ययन

**सत्य सन्देश र विधवा जीवन** २०१३ सालमा पहिलो पटक प्रकाशित भएको औपन्यासिक कृति हो । परिच्छेद शीर्षक दिएर अध्यायहरूको योजना गरिएको प्रस्तुत उपन्यास जम्मा तेह्रवटा अध्यायहरूमा विभाजित छ । पोखराबाट प्रकाशित भएको यो कृति टुक्रे आकारका १३२ पृष्ठसम्म बिस्तारित छ । आयामका दृष्टिले उपन्यास मझौला आकारको रहेको छ । आदर्शोन्मुख यथार्थवादी जीवनदृष्टि रहेको प्रस्तुत उपन्यासले नेपाली समाजमा रहेका विविध प्रकारका समस्याहरूमध्ये नारी समस्या र त्यसमा पनि विभिन्न कारणले गर्दा विधवा बनेका महिलाहरूका समस्या र उनीहरूले समाजमा भोग्नु परेका प्रताडनाहरूलाई टड्कारो रूपले उठाउँदै त्यसमा सुधारको चाहनासमेत व्यक्त गरेको छ । हिन्दू संस्कार भएको नेपाली समाजले विधवाका पक्षमा न्याय गर्न नसकेको सामाजिक यथार्थलाई प्रस्तुत गर्दै आफूलाई विधवा विवाहका पक्षमा उभ्याएको यस उपन्यासलाई उपन्यासका शास्त्रीय त□वहरू कथावस्तु, चरित्र, परिवेश, संवाद वा कथोपकथन, भाषा-शैली, उद्देश्यका आधारमा विश्लेषणात्मक अध्ययन गरिएको छ ।

### ३.३.१ कथावस्तु

कथावस्तु उपन्यासको शरीर हो । कथावस्तुमा कच्चा पदार्थका रूपमा कथा आएको पाइन्छ । यो उपन्यासको मुख्य औपन्यासिक घटकको शृङ्खलात्मक आधार नै कथावस्तु त□व हो । यो रहित उपन्यासको कल्पनासम्म गर्न सकिन्न (सुवेदी, २०६४ : २४) । प्रस्तुत **सत्य सन्देश र विधवा जीवन** उपन्यासमा पनि कथावस्तुतको मुख्य भूमिका र प्रधानता रहेको पाइन्छ । यस उपन्यासको कथावस्तु मूलतः नेपाली समाजमा रहेको विधवाजीवनको

सेरोफेरोमा विकसित भएको छ । यस उपन्यासको पहिलो परिच्छेदको नाम लम्बे वियोग दिइएको छ । यस शीर्षकमा भूदेवको एकल कथन रहेको छ । उसले मानवमा रहेका विभिन्न समस्या र त्यसबाट मुक्तिका लागि मानिसले गर्नुपर्ने कार्यको बारेमा आफ्ना अभिमत राखेको छ । शीर्षक नदिइएको उपन्यासको दोस्रो परिच्छेदमा उपन्यासका मुख्य चरित्रहरूको परिचय दिइएको छ । यसमा उनीहरूले आफ्नो जीवनमा आइपरेका विविध समस्याहरूका बारेमा छलफल गरेका छन् । तेस्रो परिच्छेदको शीर्षक भूदेव पूर्व स्मृतिमा रहेको छ । यस परिच्छेदमा भूदेवले आफ्नो जीवनका पूर्व घटनाहरूको स्मृति गरेको छ । उपन्यासको चौथो परिच्छेद वादविवाद हो । शीर्षको नाम अनुसार नै यस परिच्छेदमा उपन्यासका मुख्य चरित्र अर्थात् पात्रहरूका बीचमा विधवा महिलाले भोग्नु परेका समस्या र समाजमा उनीह्रुको स्थान तथा अधिकारका बारेमा बहस गरेका छन् । पाँचौ परिच्छेदका नाम भूदेव सत्य राह मा अदृश्य भ्रमण रहेको छ । यस अध्यायमा भूदेवले मानिसलाई आफ्नो जीवन ईश्वर भक्तिमा समर्पित राख्न आग्रह गरेको छ । भूदेवको मतमा ईश्वरीय आस्थाबाट नै मानव जीवनले मुक्ति प्राप्त गर्छ । उपन्यासको छैटौं परिच्छेद किशोरीको दुर्विचार रहेको छ । यसमा उपन्यासकी मुख्य पात्र किशोरी यौवनको मातलाई नियन्त्रण गर्न नसकेर चरित्रहीन कार्यमा लागेकी छ । यस्तै उपन्यासकी अर्की मुख्य पात्र चकोरीलाई आफ्नै घर परिवारका मान्छेहरूले जोगीलाई लगाएर उसको चरित्र लुटाएका छन् । उपन्यासको सातौं परिच्छेदमा मेदिनीको चर्को विगुल शीर्षक राखेर उपन्यासकारले नेपाली समाजमा रहेको विधवाप्रतिको दृष्टिकोणमा लेखकीय असहमति जाहेर भएको छ । लेखकको यो विचारको अभिव्यक्ति उपन्यासकी प्रमुख नारी पात्र मेदिनी मार्फत भएको छ । उपन्यासको कथावस्तुको चरम अवस्था पनि यही परिच्छेद हो । यस उपन्यासको आठौं परिच्छेदको शीर्षक असफल यात्रा रहेको छ । यस परिच्छेदमा भूदेव र स्वेतपुरुषका बीचमा धार्मिक बहस भएको छ । यस्तै यसै परिच्छेदमा उनीहरूका बीचमा नेपाली समाजमा रहेका विभिन्न रुढिहरूको बारेमा पनि छलफल भएको पाइन्छ । नवौं परिच्छेद भयङ्कर पश्चाताप शीर्षकमा रहेको छ । यस परिच्छेदमा किशोरीले आफूले गरेका चरित्रहीन कार्यप्रति पश्चाताप गरेकी छ र कि विधवा विवाह गर्ने कि भने समाजको बन्धन भित्र नै रहनु पर्ने अवस्थाको बोध गरेकी छ । यस उपन्यासको दशौ. परिच्छेदको शीर्षक सत्यमेव जयते रहेको छ । यसमा परिवारका सदस्य तथा समाजको मिलेमतोमा लगाएको आरोप अदालतले खण्डन गरेको र उसले न्याय पाएको सन्दर्भ आएको छ । एघारौं परिच्छेद मेदिनी रत्न विजय शीर्षकमा रहेको छ । यसमा विधवा

विवाह गरेकी मेदिनी उसको छोरो रत्नविजय मिलेर राष्ट्र र समाज विकासमा सहभागि भएका छन् । बाह्रौ परिच्छेदको शीर्षक भूदेव सत्यपथमा रहेको छ । यसमा भूदेवले विभिन्न मान्छेहरूसँग गरेका जीवन र जगत्प्रतिका चिन्तन आएका छन् । उपन्यासको अन्तिम अर्थात तेह्रौ परिच्छेदमा किशोरीले नारी अधिकार र नारी शिक्षाका बारेमा समाजमा चेतना भर्ने काम गरेकी छ । यसरी तेह्रवटा परिच्छेदमा विभाजित भएको प्रस्तुत उपन्यासको कथावस्तु शृङ्खलित रूपले अगाडि बढेको छ ।

उपन्यासमा मेदिनी, चकोरी सुशीला र किशोरी चारवटा विधवा जीवनहरूलाई भिन्ना भिन्नै भूमिका निर्वाह गर्न लगाइएको छ । यिनै चार विधवाहरूका समस्या र उनीहरूले जीवनमा भोग्नु परेको कठिन परिस्थितिका कारण उत्पन्न हुने शारीरिक तथा मानसिक अप्ठ्याराहरूको साँचो यथार्थलाई उपन्यासको कथावस्तु बनाइएको छ । नारी पात्रहरूको विहे रोगी वृद्धहरूसँग वाल्यावस्थामा नै भएबाट विधवा हुनु परेका कारुणिक व्यथाहरू एकातिर छन् भने अर्का तिर उनीहरू यौवनावस्थामा पुग्दा स्वाभाविक रूपमा आउने यौनेच्छालाई बलैसँग दबाउन परेको छ । उपन्यासमा यौन अतृप्तिका साथ पुरुषहरूको अन्यायमा पिल्सिनुभन्दा पुनर्विवाह गरेर नयाँ जीवनको सुरुवात गर्नु श्रेयस्कर हुन्छ (प्रधान, २०३७ : ८५) भन्ने कुरा मेदिनीको भूमिकाबाट प्रस्तुत गरिएको छ । विधवा पुनर्विवाह गरी मेदिनी र किरणबाबूका बीच दाम्पत्य जीवन सुखमय भएको छ । किशोरी बालविधवा भएकै कारण आफूले जन्माएका भ्रूणहरूको हत्या गर्न विवश छ । उसले जीवनभर पतीत जीवन बिताउन परेको छ । उपन्यासमा अर्कातर्फ विधवाहरू माथि भएका अन्याय अत्याचारका विरुद्ध पनि नारी उभिन सक्छन् भन्ने कुरा देखाउन खोजिएको छ । आफ्ना स्वजन भनाउँदाहरूबाट समेत विधवामाथि कसरी अन्याय गरिन्छ र विधवा भए पनि अदालतसम्म समेत पुगी अन्याय अत्याचारको विरुद्ध महिलाहरू पनि डट्नु पर्छ भन्ने कुरा चकोरीका माध्यामबाट देखाइएको छ । त्यस्तै अर्कोतिर हाम्रो हिन्दू धर्मले देखाएको बाटो अनुरूप सुशीला विधवै रहेर पनि विभिन्न अड्चन र समस्याका विरुद्ध उभिएर आदर्शमय जीवन बिताएको देखाएर विधवा हुँदैमा पतीत हुनुपर्छ भन्ने कुाराको खण्डन गराएर हिन्दू धर्मले देखाएको आदर्शको लेपन गरिएको छ । उपन्यासको अन्त्यमा स्वर्ग जान लागेकी सुशीलाले समाज राष्ट्र कस्तो हुनुपर्छ र कसरी चलाउनु पर्छ भन्ने सन्देश का साथ उपन्यास टुङ्गिएको छ । भूदेवको धार्मिक आचारणहरूको प्रस्तुतिद्वारा कसरी आध्यात्मिक सुख हुन्छ

भन्ने कुरा विभिन्न प्रसङ्गमा देखाइए पनि उपन्यासमा उसको भूमिका गौण रहेको छ। मूल रूपमा नारी समस्यालाई प्रस्तुत गर्नु नै यस कथावस्तुको मूल ध्येय रहेको देखिन्छ।

उपन्यासको कथावस्तुको विषयवस्तु नौलो नभएर परम्परित छ । कौतूहलताले उपन्यासको कथावस्तुलाई रोचक बनाउन सहयोग पुऱ्याएको छ। यस उपन्यासमा चढ्दो उमेरका युवतीहरूको विधवा जीवनलाई मुख्य कथावस्तु बनाएर लेखिएकाले उनीहरूको दिनचर्या बित्दै जाँदा के होला कसो होला भन्ने कौतूहलता प्रशस्त पाइन्छ। कथानक त व केन्द्रीय रूपमा रहेकाले औपन्यासिक रूप पक्षका दृष्टिले यस उपन्यासलाई घटना प्रधान उपन्यास भन्न सकिन्छ । विषयवस्तु पूर्णतः समाजिक छ । कथावस्तु वर्णनात्मक रूपमा प्रस्तुत गरिएको छ । उपन्यासको घटनाले मानव जीवनलाई समेट्न खोजेको पाइन्छ । कथावस्तुको विन्यास र रूप रचनाको सङ्गठन प्रक्रियालाई अन्विति सिद्धान्तको दृष्टिले ( प्रधान, २०४० :४४) पनि हेर्न सकिन्छ । उपन्यासमा स्थान समय विशेष र कार्यकारण सम्बन्धको सापेक्षित एकत्व प्रदान गरिएको पाइन्छ । कथानक अङ्गहरू एक आपसमा शृङ्खलित भई सुसङ्गठन र सिङ्गोपन प्राप्त गर्न भने सकिएको देखिदैन । उपन्यासमा कथावस्तुलाई प्रस्तुत गर्ने प्रथम पुरुष वा आत्मपरक र तृतीय पुरुष वा वर्णनात्मक प्रणाली हुन्छ (प्रधान, २०३७ :८५) भने यस उपन्यासमा तृतीय पुरुष प्रणाली अपनाइएको छ । कथावस्तु पूर्णत नेपाली समाजबाट मौलिक विषयवस्तका रूपमा उनिएको छ। उपन्यासमा विधवा बनाउने समाजको परम्परा हटाउने सन्दर्भमा आवश्यक सुधार गर्ने लेखकको सन्देशका रूपमा प्रस्तुत विषयवस्तुलाई लिन सकिन्छ (अधिकारी, २०६६ :४१) । नेपाली समाजको विधवा समस्यामा केन्द्रित उपन्यासको कथावस्तु सामाजिक तथ्यमा आधारित छ।

### ३.३.२ चरित्र

भुवनेश्वर कोइरालाको **सत्य सन्देश र विधवा जीवन** विधवा जीवन समस्याप्रति आमुख उपन्यास हो (प्रधान, २०४३ :८५) । अझ यस उपन्यासलाई मूलत : नारी समस्या प्रधान उपन्यासका रूपमा लिन सकिन्छ। यस उपन्यासमा मुख्य पात्रका रूपमा चार महिला रहेका छन् । मेदिनी, किशोरी, चकोरी र सुशीला चारवटै विधवा महिला हुन् । मेदिनी पुनर्विवाह गरी सधवा बन्न पुग्छे किशोरी वेश्याका रूपमा नारकीय जीवन बिताउन बाध्य भएकी छ । चकोरी आफू पतिव्रता धर्ममै रहन खोज्दाखोज्दै उसप्रति आफ्नै देवर प्रचण्डले गुण्डाको सहायताबाट जोगीद्वारा सतित्व हरण गराउने षड्यन्त्र रच्दछ । उसको सतीत्व

लुट्न नसके पनि उसमाथि पतिव्रता नरहेको दोषारोपण गरिन्छ । उसमाथि पतिब्रता नभएको दोषारोपण गरी त्यसकै कारण  उसको अंश हरण गर्न लागेपछि चकोरी अदालतसम्म पुग्दछे । अन्ततः षड्यन्त्रको पर्दाफास भएर ऊ निर्दोष सावित हुन्छे । सुशीला भने हिन्दू धर्मको परम्परा अनुरूप पतिव्रता धर्ममा अडिग रहेर अन्त्यमा स्वर्ग जान्छे । यसरी यी चार विधवा महिला पात्रले आफ्नो जीवन बिताउँदा जीवनको उकाली ओरालीमा आइपरेका समस्याहरूको चित्रण गर्नु नै यस उपन्यासको मूल मर्म रहेको छ । उपर्युक्त चार महिला पात्रबाहेक भूदेवका धार्मिक क्रियाकलापहरू पनि उल्लेख्य रहेका छन् । मेदिनीको विधवा पुनर्विवाहपछिको पति किरणबाबू र उनीहरूको छोरो रत्न विजयको भूमिका पनि उपन्यासमा उल्लेख्य रहेको छ ।

कथानकलाई अगाडि बढाउन उपन्यासमा चरित्रको आवश्यकता पर्छ । उपन्यासमा प्रत्येक चरित्रका आआफ्नै विशेषता हुन्छन् । उपन्यासको कथावस्तुमा पात्र पात्राले खेलेको भूमिका सम्बध र प्रभावका आधारमा प्रधान र गौण गरी दुई प्रकारका हुन्छन् (न्यौपाने, २०३८ : १९०) । यस उपन्यासमा प्रधान चरित्रका रूपमा मेदिनी, किशोरी , चकोरी र सुशीलालाई लिन सकिन्छ । तर गौण पात्रलाई पनि मुख्य सहायक र अति गौणका रूपमा पनि लिन सकिन्छ । यस उपन्यासमा रत्नविजय, किरण, भूदेव मुख्य सहायक पात्रका रूपमा रहेका छन् । भने मदनबाबू, प्रचण्ड, इन्दू, ढुण्डीराज, विनोदबाबू, खिमू, विजयशमशेर, गोपाल, गणेश कुमारी, चमेली, जङ्गे, अदालतका कर्मचारी स्वेतपुरुष आदि दर्जनौ पात्रहरू गौण पात्रका रूपमा रहेका छन् ।

औपन्यासिक भूमिकाका अतिरिक्त उपन्यासमा पात्रपात्राहरूले खेलेको भूमिकाका आधारमा वर्गीय र वैयक्तिक, सामान्य र असामान्य (न्यौपाने, २०३८ : १९०) जस्ता वर्गमा पनि बाँड्न सकिन्छ । प्रस्तुत उपन्यासमा मुख्य चार महिलाहरूले विधवा वर्गको प्रतिनिधित्व गरेका छन् । प्रचण्डजस्ता गुण्डाहरूले समाजमा रहेका उश्रृङ्खल चरित्रको प्रतिनिधित्व गरेका छन् । यहाँ वैयक्तिक पात्रका रूपमा भूदेवलाई लिन सकिन्छ । यस उपन्यासमा असमान्य पात्रहरूको प्रयोग दैखिदैन । उपन्यासमा लैङ्गिक दृष्टिले स्त्री र पुरुष दुवैथरि पात्रहरूको प्रयोग गरिएको छ । स्त्री र पुरुष पात्रहरूलाई पनि उनीहरूले खेलेको भूमिकाका आधारमा नायक नायिका (थापा, २०४७ : १२९) सह-नायक, सह-नायिका र प्रतिनायक, प्रतिनायिका (प्रधान, २०४० :७६) मा पनि विभक्त गर्न सकिन्छ । यस उपन्यासका

पात्रहरूमध्ये नायक नायिका भनेर किटान गर्ने पात्रहरू देखिदैनन् । मेदिनीको दोस्रो पति किरणबाबूलाई नायक भन्ने हो भने सुरुदेखि अन्त्यसम्म उसैको क्रियाकलापबाट उपन्यास अगाडि बढेको छैन । त्यस्तै मेदिनीको छोरा रत्नविजयले उपन्यासको अन्त्यतिर महत्वपूर्ण भूमिका निभाएको भए पनि उपन्यासको सुरुदेखि अन्त्यसम्म उसको समान उपस्थिति नभई उपन्यासको अन्त्यतिर उपस्थित भएकाले उसलाई पूर्णत : नायकको भूमिका सुम्पन सकिँदैन । उपन्यासको सुरुदेखि अन्त्यसम्म आएको पुरुष पात्र भूदेव उपन्यासको मूल कार्यमा समाहित नभएर ऊ सहयोगीका रूपमा आफ्नै धार्मिक क्रियाकलापबाट आगाडि बढेको पाइन्छ । तसर्थ यस उपन्यासमा पुरुष नायकको भूमिका रहेको छैन भन्दा पनि हुन्छ (अधिकारी, २०५२ :३६) । त्यस्तै चारवटा महिला पात्रको भूमिकाको मात्रामा केही घटीबढी भए पनि मुल रूपमा चारै जनाको कार्यव्यापार उपन्यासमा उत्तिकै महत्वपूर्ण हुँदा एउटै स्त्री पात्रलाई नायिका तोक्ने स्थिति छैन । नायिकाको रूपमा उपन्यासको अन्त्यतिर गएर मेदिनीलाई लिन सकिन्छ । तापनि उसलाई मात्र नायिका तोक्दा मुख्य भूमिका निर्बाह गर्ने स्त्रीपात्राप्रति अन्याय हुने देखिन्छ । उपन्यासमा सुशीलालाई मुख्य पात्रका रूपमा उभ्याउने चेष्टा उपन्यासकारबाट भएको छ । तर उसलाई पनि उपन्यासमा पूर्ण रूपमा नायिकाको जिम्मा दिइएको उसको क्रियाकलापले देखउँदैन । तसर्थ स्पष्ट रूपमा नायिका यो नै हो भनेर ठोकुवा गर्ने अवस्था उपन्यासमा रहेको छैन । तसर्थ यस उपन्यासलाई बहुनायिका प्रधान उपन्यास भन्ने स्थिति रहेको छ । यस उपन्यासका पात्रहरूलाई विभिन्न आधारमा वर्गीकरण गरी तल तालिकामा उल्लेख गरिएको छ

**तालिका १**

**सत्य सन्देश र विधवा जीवन उपन्यासका पात्रहरू**

| क.सं. | पात्रको नाम | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवनचेतना | आसन्नता |
|---|---|---|---|---|---|---|---|
| १. | मेदिनी | स्त्री | प्रमुख | अनुकूल | गतिशील | वर्गीय | मञ्चीय |
| २. | सुशीला | स्त्री | प्रमुख | अनुकूल | स्थीर | वर्गीय | मञ्चीय |
| ३. | चकोरी | स्त्री | प्रमुख | अनुकूल | स्थीर | वर्गीय | मञ्चीय |
| ४. | किशोरी | स्त्री | प्रमुख | प्रतिकूल | स्थीर | वर्गीय | मञ्चीय |
| ५. | भूदेव | पुरुष | गौण | अनुकुल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ६. | किरणबाबु | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| ७. | प्रचण्ड | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८. | मदनबाबु | पुरुष | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ९. | जोगी | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १०. | रत्न | पुरुष | गौण | अनुकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| ११ | विजया | स्त्री | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १२ | इन्दु | स्त्री | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १३ | चमेली | स्त्री | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १४ | ढुण्डीराज | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १५. | गणेशकुमारी | स्त्री | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १६. | खिमु | स्त्री | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १७. | शमशेर | पुरुष | गौण | प्रतिकूल | स्थीर | वर्गीय | मञ्चीय |
| १८. | जर्ज | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १९. | इन्सपेक्टर | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| २०. | श्वेतपुरुष | पुरुष | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |
| २१. | गोपाल | पुरुष | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| २२. | जङ्गे | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| २३. | गुण्डाहरू | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| २४. | अदालतका कर्मचारी | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |
| २५. | सभासदहरू | पुरुष | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |
| २६. | गणपति | पुरुष | गौण | अनुकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |
| २७. | भारदार | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |

### ३.३.३ परिवेश

**सत्य सन्देश र विधवा जीवन** उपन्यासमा २०१५ साल पूर्वको नेपालको समाजिक जीवनलाई औपन्यासिक रूपमा प्रस्तुत गरिएको छ । बालविधवाहरूको जीवनमा आधारित यस उपन्यासबाट तत्कालीन सामाजिक जीवनको यथार्थ र सजीव चित्रण देख्न सकिन्छ । अनमेल र बालविवाहका कारण बालविधवा हुन पुगेका नारीहरू यौवन अवस्थामा पुग्दा स्वाभाविक रूपमा आउने यौन उत्तेजना एवं उनीहरूले खप्नु परेको कष्टकर विधवा जीवनद्वारा नेपाली ग्रामीण जीवन शैली प्रस्तुत भएको देखिन्छ । उपन्यासमा नेपाली रीति, नीति आस्था र विश्वास प्रस्तुत भएका छन् । लोग्नेमान्छेको पुनर्विवाह हुन सक्छ तर

स्वास्नी मान्छेलाई यो अधिकार छैन भन्ने सामाजिक मान्यतालाई चिर्दै उपन्यासकारले विधवा पुनर्विवाह गराएका छन् । यसले गर्दा उपन्यासमा नौलो परिवेश सिर्जना गर्ने उपन्यासकारको अभीष्ट रहेको पाइन्छ ।

अशंत मानव र मानव जीवनसँग अभिन्न रहने समाजको एउटा निश्चित समय र ठाउँ विशेषको चित्रण विश्लेषण परिवेश वा वातावरण हो (थापा, २०४७ : १४३) । प्रस्तुत उपन्यासमा २००७ सालको प्रजातन्त्रोत्तर कालपछि २०१५ साल पूर्वका समयको नेपाली ग्रामीण समाजलाई चित्रण गरिएको छ । उपन्यासको विषय र घटना स्थान सुन्दर गाउँ भएको प्रतीत हुन्छ । उपन्यासमा पोखरा उपत्यका आसपासका गाउँहरू र सेती नदीका विभिन्न धार्मिक स्थानहरू भएको अनुमान गर्न सकिन्छ । समाजद्वारा निर्मित परिवेशले मानवीय व्यक्तित्वको निर्माण गर्छ । यस उपन्यासमा नारीहरू समाजद्वारा निर्मित परिवेशका सिकार भएका छन् । औपन्यासिक वातावरणका सामाजिक र भौतिक गरी दुईवटा प्रमुख स्रोतहरू देखा पर्छन् (प्रधान, २०४५ : १४३) । प्रस्तुत उपन्यासमा औपन्यासिक वातावरणका सामाजिक र भौतिक दुवै स्वरूप देखिन्छन् । समग्रमा यस उपन्यासमा देश, काल र वातारणले कथानक विश्वसानीय बनाउन चरित्रको यथार्थको पुष्टि गर्न र औपन्यासिक प्रभाब सृष्टि गर्न सहयोग पुगेको छ ।

### ३.३.४ सम्वाद वा कथोपकथन

पात्रपात्रहरूको बीचमा आ-आफ्ना विचार भावना र हर्ष उल्लास विस्मय करुण क्रोध आदि मनोरागलाई व्यक्त गर्नका लागि हुने पारस्पारिक वार्तालापलाई सम्वाद भनिन्छ ( उपाध्याय, २०३८ :१६२) । सम्बादलाई कथोपकथन पनि भन्ने गरेको पाइन्छ । पात्रको मानसिक र बौद्धिक स्तर अनुकूलको सम्बाद स्वाभाविक र यथार्थ हुन्छ (प्रधान, २०४५ :१४५) । यस उपन्यासका पात्रहरू समान्यतया सरल बोलचालकै गद्य भाषा प्रयोग गर्छन् । तर कतिपय बेला तिनका अभिव्यक्ति लक्षणा र व्यञ्जना मूलक पनि देखिन्छन् । तुलनात्मक रूपमा सुशीला र मेदिनीले प्रयोग गर्ने सम्बाद उपल्लो स्तरको छ । उनीहरू भावावेगमा आउँदा आपसी बातचितको भाषा अरूकोभन्दा बढी आलङ्कारिक छ । चकोरी र किशोरीको भाषा पनि स्तरीय खालको छ । त्यस्तै भूदेवको सम्बाद भावावेगमा बगेको पाइन्छ । जस्तै *क्या हो खून भनेको ? उही मख्खन चोरको नाउँ ?* (पृ. ११२) । अरू गौण पात्रहरूको भाषा सामान्य गद्यस्तरको छ । चार प्रमुख महिला पात्रहरूको सम्वाद परिस्थिति र पात्रको

मनस्थिति अनुसार भाषिक स्वरूप र प्रस्तुतीकरणमा भिन्नता पाइन्छ । उपन्यासमा अनावश्यक निरस र झर्को लाग्दो सम्वाद छैन ।

### ३.३.५ भाषाशैली

भाषा अभिव्यक्तिको माध्यम हो भने अभिव्यक्तिको सीप या ढाँचा शैली हो । यस अर्थमा उपन्यासको मह□वपूर्ण संरचक घटकका रूपमा भाषाशैलीलाई उल्लेख गरिन्छ । प्रस्तुत **सत्य सन्देश र विधवा जीवन** उपन्यासमा प्राय : बोलचालको भाषा प्रयोग भएको पाइन्छ । मुख्यत : उपन्यासमा गद्य भाषाको प्रयोग हुने गर्छ तर यस उपन्यासमा कतिपय ठाउँ र सन्दर्भमा पद्य श्लोकहरूको पनि प्रयोग गरिएको छ । जसले उपन्यासलाई रसिलो बनाउनमा मह□वपूर्ण भूमिका निर्बाह गरेको छ । जस्तै *सत्यमेव जयते* (पृ. ८५) उपन्यासमा जीवनको सान्निध्यता बुझाउन र रोचकता ल्याउन स्थानीय लोकोक्ति उखान टुक्काहरूको प्रयोग पनि गरिएको छ ।

भाषाका माध्यामबाट अभिव्यक्त गर्ने तरिका वा शैलीलाई विभिन्न भागमा वर्गीकरण गर्न सकिन्छ । तिनीहरू मुख्यत : वर्णनात्मक, विश्लेषणात्मक, आत्मकथनात्मक विवरणात्मक र आलोचनात्मक रहेका छन् ( प्रधान, २०३७ : ११) । तर आजकल वर्णनात्मक, आत्मकथनात्मक, प्रत्रात्मक, डायरी, चित्रात्मक र चेतनप्रवाह शैलीलाई नवीनतम शैलीका रूपमा लिइएको पाइन्छ ( प्रधान, २०४५ : १४६-१५१) । प्रस्तुत उपन्यासमा सामान्य बोलचालको भाषाको प्रयोग भएको पाइन्छ । उपन्यासको कथानकको गठान सामान्यतया सरल र सरसर्ती वर्णन गर्दै उपसंहारतिर बढेको छ । तर कतिपय प्रयोगमा नाटकीय ढङ्गमा प्रस्तुत भएको छ । यसो हुँदा कथानकमा अप्रत्यतशित मोडहरूको सिर्जना भएको पाइन्छ । तर यस उपन्यासको अन्तिम परिणतिको आभास भने उपन्यासको बीचमा पुग्दा प्राप्त हुन्छ । उपन्यासमा कतिपय ठाँउमा विधवाहरूको जीवनमा भोलि के होला कसो होला भन्ने कौतूहलताले उपन्यासको कथानक आकर्षक बन्न पुगेको छ । सामान्यतया चरित्रहरूको कार्य र तिनका बीचमा हुने सम्बादद्वारा चरित्र चित्रण गरिएको छ । कतिपय ठाँउमा लेखकले गुणदोषको प्रकाशनद्वारा चरित्र चित्रण गरेका छन् । विषयवस्तुको प्रस्तुतिकरणमा मुख्य प्रतिपाद्य वा प्रस्तुत्य तथ्यलाई साङ्गोपाङ्गो रूपमा चित्रित गर्न सक्नु कुशल शिल्पकारिता हो (उपाध्याय : २०३८ :१७२-१७३) । यस उपन्यासमा प्रयोग भएका विभिन्न भाषिक प्रयोगहरू यस प्रकार रहेका पाइन्छ :

**क) पद्यको प्रयोग**

जीवन साथी ! निर्दयी तिमी ! ! धरर रुवाई !
छातीमा मेरा एक धक्का मारी काँ गयौ छकाई
(पृ. १२१ )

**ख) उखान-टुक्काको प्रयोग**

यस उपन्यासमा नेपाली भाषामा प्रयोग हुने गरेका विभिन्न प्रकारका उखान र टुक्काहरूको प्रयोग भएको पाइन्छ । उपन्यासमा प्रयोग भएका ती उखन-टुक्काहरू यस प्रकार रहेका छन् :

हारेको कर्म, श्री गणेश गर्नु, व्वासाले धुत्नु, चन्द्रजस्तो तेजिलो मुहार, कालो नागवेलीजस्तो गुडि्ड हाँक्नु, धनदेखि महादेवका तीन नेत्र, सास भएसम्म आस, निउवालाई अमिलो, घुडा टेकाउनु, दाजुभाइकै तातो , कि कर्तव्य विमुढ हुनु , जिव्रे स्वार्थ , कागतीको सर्वत ,भाते खल्को ,गाईको मासु खानु, वल्लो घाट न पल्लोतिर ,शुन्य रस्ताकोसहयोगी झोला दुखैमा दुखै गापिनु आदि ।

**ग) अनुकरणात्मक शब्दको प्रयोग**

यस उपन्यासमा नेपाली भाषाका विभिन्न अनुकराणात्मक शब्दहरूको प्रयोग भएको पाइन्छ । यसका उदाहरणहरू यस प्रकार रहेका छन् :

झल्याँस्स, कुहुँकुहुँ, खस्र्याकखुस्रुक, भिनिनीनी, खङ्ग्रङ्ग, पुक्लुक्कै आदि ।

समग्रमा यस उपन्यासमा सरल र सहज भाषाको प्रयोग भएको पाइन्छ । यस उपन्यासमा विभिन्न उखानटुक्काहरूको प्रयोग, पद्य भाषाको प्रयोग, अनुकरणात्मक शब्दहरूको प्रयोग तथा कतिपय स्थान र सन्दर्भमा स्थानीय भाषिकाकोसमेत प्रयोग भएको पाइन्छ । शैलीका दृष्टिले यो उपन्यास मूलतः वर्णनात्मक शैलीमा लेखिएको उपन्यास हो । कतिपय सन्दर्भमा यस उपन्यासमा पूर्वदीप्ति, चेतनप्रवाह, नाटकीय, संवाद, आदि शैलीको पनि प्रयोग भएको पाइन्छ ।

### ३.३.६ उद्देश्य

भुवनेश्वर कोइरालाको **सत्य सन्देश र विधवा जीवन** विधवा जीवनप्रति आमुख उपन्यास हो (प्रधान, २०३७ : ८५) । नारी समाजको सुधारमा कोइरालाले यस उपन्यासमा विधवा विवाहको औचित्य सिद्ध गरेका छन् । बाल विवाह, वृद्ध विवाह, निर्मुल गर्ने स्वास्नी हुँदा हुँदै दोस्रो विवाह गर्न नपाउने विधवा प्रथा चलाउने आदिका अतिरिक्त अनमेल विवाह रोक्नु पर्ने विधवालाई हेलाको दृष्टिकोणबाट समाजले हेर्न नहुनेजस्ता उद्देश्य पूर्तिका लागि यो उपन्यास लेखिएको देखिन्छ (प्रधान, २०३७ : १३६-१३८) यस उपन्यासका नारी पात्रहरूको विवाह रोगी वृद्धसँग बाल्यावस्थामै भएबाट विधवा हुनु परेको छ । अतः विधवा बनाउने समाजका परम्परा हटाउने सन्दर्भमा आवश्यक सुधार गर्ने लेखकको अभीष्ट हो । परम्परादेखि जगडिएर रहेको धार्मिक अन्धविश्वासी रुढिग्रस्त समाजलाई आधुनिक दृष्किोणले परिभाषित गरिनु पर्ने मान्यता उपन्यासमा तड्कारो रूपमा देख्न सकिन्छ । नारीलाई विलास र भोगको साधन मानि उसको भविष्यसँग खेलवाड गर्नु उसको भावनाको वास्ता नगर्नु शक्ति र सामर्थ्यले भ्याएसम्म नारी सङ्ग्रह गर्नुजस्ता अपमानजनक स्थितिलाई प्रकाशमा ल्याई नारीप्रति हुँदै आएको र भइरहेको अन्यायको विरोधमा आवाज उठाइ सुधारात्मक सन्देश दिन प्रस्तुत उपन्यासको रचना गरिएको छ । तर उपन्यासमा भूदेवद्वारा गरिएका केही धार्मिक क्रियाकलापहरू भन्ने यथार्थभन्दा टाढा रहेकाले उक्त उद्देश्यपूर्तिका लागि बाधक देखिन पुगेको छ ।

## ३.४ 'बैकुण्ठको महल' उपन्यासको अध्ययन

**बैकुण्ठको महल** (२०१३) भुवनेश्वर कोइरालाको दोस्रो औपन्यासिक कृति हो । वि.सं २०१३ मा पहिलो पटक प्रकाशित भएको प्रस्तुत उपन्यास टुक्रे आकारका १३८ पृष्ठसम्म विस्तारित भएको छ । प्रभात शीर्षक दिएर अध्याय योजना गरिएको प्रस्तुत उपन्यास जम्मा ७ वटा प्रभातमा वितरित भएको छ । यस उपन्यासमा कोइरलाले सामाजिक सेरोफेरोका घटनावलीहरूलाई औपन्यासिकीकरण गरेका छन् । पारिवारिक पृष्ठभूमिमा रहेर लेखिएको यस उपन्यासमा नेपाली समाजको सामाजिक चित्र स्पष्ट रूपमा देख्न सकिन्छ । यो उपन्यास मूलत : हिन्दू धर्मावलम्बीहरूको जीवन चित्र र त्यसले देखाएको आध्यात्मिक

चिन्तनको प्रस्तुतिमा केन्द्रित रहेको छ । यस उपन्यासलाई औपन्यासिक त□वका आधारमा निम्नानुसार विश्लेषण गर्न सकिन्छ ।

### ३.४.१ कथावस्तु

उपन्यासकार भुवनेश्वर कोइरालाको **बैकुण्ठको महल** उपन्यासको कथावस्तु मूलतः सामाजिक सेरोफेरोमा विकसित भएको छ । पारिवारिक पृष्ठभूमिमा आधारित यस उपन्यासमा सामाजिक जीवनको चित्र देख्न सकिन्छ । उपन्यासमा एउटा परिवारका सदस्यहरूको चरित्र उद्घाटन गर्दै कथावस्तु अगाडि बढेको छ । शान्तिराम र सत्यलक्ष्मीका दुई छोरा र दुई बुहारीहरू छन् । जेठो छोरा रत्नेश र जेठी बुहारी चित्ररेखा नेपाली हिन्दू समाजको परम्पराअनुसार गर्नुपर्ने कार्य गरी आदर्श छोरा बुहारीका रूपमा प्रस्तुत भएका छन् । कान्छो छोरा तमीर र कान्छी बुहारी चनमती आफ्नै चरित्रगत कमजोरीका कारण अधोगतिको बाटो लाग्छन् । तमीर आफ्नै कमजोरीका कारणले थुप्रै सन्तानको धनी तर घरपरिवार विहीन हुन पुग्छ । आफ्नै भाइको गए गुज्रेको पारिवारिक स्थितिले रत्नेश र चित्ररेखालाई दुखित पार्छ । त्यसैले उनीहरूको प्रयासद्वारा तमीरको घर परिवारलाई सही बाटो निर्देशन गर्न पुग्छन् । दाजुभाउजूको सहयोगले उनीहरूको जीवन पनि अन्त्यमा सुखमय बन्न पुग्छ । यसरी उपन्यासको अन्त्यमा कस्तो परिवार आदर्श र अनुकरणीय हुन्छ भन्ने कुरा देखाउन उपन्यासकार सफल भएका छन् । त्यही आदर्शमय परिवारलाई पूनर्जन्ममा नभई यसै जन्ममा बैकुण्ठको महल वा स्वर्गीय आनन्द रहेको विचार अगाडि सार्दै उपन्यास टुङ्गिएको छ ।

प्रभात नामका छुट्टाछुट्टै सात परिच्छेदमा विभाजित भएको यस उपन्यासको प्रथम प्रभातमा शान्तिराम र रत्नेशका बीच अङ्ग्रेजी शिक्षाको फाइदा र वेफाइदाको बारेमा बहस चलेको छ । देवर भाउजू तथा देवरानी जेठानीका बीच मनमुटावको स्थिति देखिएको छ । यसक्रममा जेठानी (चित्ररेखा) ले देवर देउरानीलाई सम्झाएकी छ । उपन्यासको द्वितीय प्रभातमा चनमतीको कुरा सुनेर तमीर घर परिवारसँग छुट्टिने कुरा गरेको छ । घरबाट अलग भएर बस्न सुरु गरेपछि उनीहरू मोजमस्तीमा लागेका छन् । यस उपन्यासको तृतीय प्रभातमा रत्नेश र चित्ररेखाले आफ्ना बाबुआमाको सेवा गरेर बसेका छन् भने चनमती र तमीरले आफ्नो सम्पत्ति उडाउने र मोजमस्ती गर्ने क्रम तीव्र हुँदै जान्छ । जसले गर्दा उनीहरूको जीवन विस्तारै धरासयि बन्दै गएको छ । चौथो प्रभातमा सन्तानको आफ्ना

आमाबाबु र राष्ट्रप्रतिको कर्तव्यको कुरा गरिएको छ । तमीर र चनमतीको कारणले गर्दा शान्तिरामको वंशको इज्जत नरहेको भन्दै उसका दाइ भाउजू चिन्तित भएको र सम्पत्ति सकिएपछि चनमती र तमीरका बीचमा कलहको सुरुवात भएकोजस्ता सन्दर्भहरू आएका छन् । पाँचौ प्रभातमा घर परिवारको कुशल व्यवस्थापन र आमाबाबुको असल निर्देशनका कारण चित्ररेखा र रत्नेशका छोराछोरी पढाइमा तेज बनेर पढ्नका लागि छात्रावृत्ति प्राप्त गरेर विदेश गएको र तमीर र चनमतीका सन्तान भने गिट्टी कुट्ने अवस्थामा पुगेको घटनाहरू आएका छन् । उपन्यासको छैटौं प्रभातमा चित्ररेखा र चनमतीको परिवारको तुलना गरिएको छ । सप्रेको परिवार र बिग्रेको परिवारको अवस्था देखाउने काम यस प्रभातमा गरिएको छ । चित्ररेखाका सन्तानहरू पढाइ पूरा गरेर स्वदेशमा फर्केको र समाज सेवामा लागेको तथा उनीहरू कै परिवारबाट राजाले मन्त्रीमण्डलको गठन गरेको सन्दर्भमा आएको छ । उपन्यासको अन्तिम प्रभातका रूपमा रहेको सातौं प्रभातमा तमीर र चनमतीको चरम दुखका दिनहरू देखाउँदै अन्तिममा चित्ररेखा र रत्नेशले उनीहरूको उद्धार गरेका छन् । तमीरको परिवारले दाजुभाउजूसँग क्षमा मागेका छन् । रत्नेशले आफ्नो अंश समेत बाँडेर भाइलाई दिएका छन् । फुटेको परिवार जुटेर सन्तोषका साथ बसेको छ ।

विभिन्न पात्रहरूका फरक-फरक गतिविधि र क्रियाकलापबाट जन्मने विभिन्न घटनाहरूको सङ्गठित रूप नै कथावस्तु हो (थापा, २०३८ : १२२) । प्रस्तुत उपन्यासमा विभिन्न पात्रहरूका फरक-फरक गतिविधि र क्रियाकलापबाट जन्मने घटनाहरूको संयोजनबाट कथावस्तु संरचित भएको छ । कथावस्तुमा ती घटनाहरूको बीचमा पारस्परिक सम्बद्धता र सार्थकता हुनुपर्छ (थापा, २०३८ : १२२) । यस उपन्यासमा मूल घटनाहरू बीच पारस्परिक संबद्धता र सार्थकता रहे पनि बीच-बीचमा आउने हवेली बैठकका गतिविधि र उपन्यासको अन्त्यमा एउटै परिवारबाट मन्त्रीमण्डल गठन गरिएकाजस्ता क्रियाकलाप उपन्यासको मूल घटनासँग मेल नखाएका जस्ता देखिन्छन् । कथावस्तुको पूर्ण आयामका लागि अपेक्षा गरिएका पाँच कार्यवस्था र पाँच अर्थप्रकृतिजस्ता पूर्वीय मान्यता र अरस्तुले अगाडि सारेका पाँच अवस्था जे भए पनि कथावस्तुको विकासका दृष्टिले प्रस्तुत उपन्यासालाई हेर्दा यस उपन्यासमा कथावस्तुका पाँच अवस्थाहरूको परिपालन भए पनि वस्तु सङ्गठनका दृष्टिले गठिलो हुन सकेको छैन । कथावस्तुको विन्यास र रूप रचनाको सङ्गठन प्रक्रियालाई अन्विति सिद्धान्तका दृष्टिले पनि हेर्न सकिन्छ ।

कुनै पनि विधागत कलापूर्ण कथावस्तुको संरचनापूर्ण आयाम प्राप्त गर्नलाई कथानकका प्रत्येक अङ्ग परस्परमा शृङ्खलित भई सुसँगठित सिङ्गोपन प्राप्त गर्नु पर्छ ( प्रधान, २०४० : ५१) । यस उपन्यासका घटनाहरू कार्यकारण शृङ्खलामा बाँधिएका छन् । आदर्शलाई घनिभूत रूपले देखाउन खोजिएको प्रस्तुत उपन्यासमा नायिका चित्ररेखाले आफ्ना देवरको परिवारलाई सत् मार्गमा डोऱ्याउन सफल भएकी छ र उपन्यासको कथावस्तुले विश्राम लिएको छ । यसका लागि उपन्यासकारले आरम्भदेखि अन्त्यसम्म कार्यकारण शृङ्खलालाई व्यवस्थित रूपले प्रस्तुत गर्ने सन्दर्भमा केही कमजोरीपना देखाए पनि समग्रमा उपन्यासको कथावस्तु शृखंलित बनेर अगाडि बढेको छ । उपन्यासमा स्थान, समय र कार्यकारणको बीचमा सम्बन्ध अन्वितित्रयका रूपमा लिन सकिन्छ (प्रधान, २०४० : ५१) । यस उपन्यासमा उपन्यासको समायान्विति त्यति नमिले पनि सामान्यतया अन्वितित्रयका दृष्टिले उपन्यास कमजोर छैन ।

पूर्वीय काव्यशास्त्रअनुसार कथावस्तुलाई स्रोतका आधारमा, प्रख्यात, उत्पाद्य र मिश्र (उपाध्याय, २०३८ : ४३) गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । यस दृष्टिले हेर्दा प्रस्तुत उपन्यासको कथावस्तु उत्पाद्य कथावस्तुमा पर्छ । यस उपन्यासको विषयवस्तु सामाजिकतामा आधारित रहेको छ । सामाजिक घटनालाई औपन्यासिकीकरण गर्न उपन्यासकारले रत्नेश र तमीरको परिवारका पारिवारिक घटनाक्रमलाई रोजेका छन् । औपन्यासिक रूप पक्षका दृष्टिले हेर्दा कथावस्तु नै केन्द्रीय रूपमा रहेकाले उपन्यास चरित्रप्रधान नभई घटना प्रधान हुन पुगेको छ । प्रस्तुत उपन्यासमा समाविष्ट औपन्यासिक कथावस्तुको मूल उद्देश्य सुखान्त परिणति प्राप्त गर्नु रहेको देखिन्छ । कल्पित आदर्शले मूल घटनाव्यापार र पात्रका बीच एउटा सम्बन्ध स्थापित गरेको हुनाले उपन्यास धार्मिक प्रवृत्तिको घटनाप्रधान हुन पुगेको छ । तर धार्मिक भन्दैमा प्राचीन वेद पुराण, महाभारत र गीताजस्ता धार्मिक कृतिहरूको विषयवस्तु नलिई सामाजिक विषयवस्तुलाई नैतिकता र आदर्शको लेपमा प्रस्तुत गरिएको छ ।

### ३.४.२ चरित्र तथा पात्र

भुवनेश्वर कोइरालाको **बैकुण्ठको महल** उपन्यासका मूल चरित्रहरू **रूपमती** (१९९१) उपन्यासका पात्रसँग मिल्दाजुल्दा देखिन्छन् । **रूपमती**मा सासूको प्रताडना बुहारीले वेहोर्नु परेको छ भने यस उपन्यासमा सासू बुहारीको सम्बन्ध अनुकरणीय रहेको छ । बाबु

शान्तिराम र आमा सत्यलक्ष्मी वास्तवमै शान्तिका पुजारी र सत्यका प्रतीक रहेका छन् । जेठो छोरा रत्नेशलाई रत्नको खानीका रूपमा चित्रित गरिएको छ । रत्नेशकी पत्नी चित्ररेखा ३२ गुणले युक्त रहेकी देखाइएको छ । तमीरकी पत्नी चनमती भने वास्तवमा नै चनमतीका रूपमा रहेकी छ । यसरी यी पात्रहरूको नामद्वारा तिनीहरूको चरित्रको सङ्केत गरेको देखिन्छ । दुवै दाजुभाइका तीनतीन छोरा र एकएक छोरी सन्तानका रूपमा रहेका छन् । उपन्यासमा रत्नेश अनुकरणीय छोरा र चित्ररेखा उस्तै एवं उदार बुहारीका रूपमा चित्रित गरिएका छन् । रत्नेशले पनि मातापिता, छोराछोरी, पत्नी तथा भाइप्रति गर्नुपर्ने सबै कर्तव्य पूरा गरेको छ । उपन्यासमा रत्नेशलाई नायक र उसकी पत्नी चित्ररेखालाई नायिकाका रूपमा चित्रण गरिएको छ । तमीर र चनमतीलाई दाजुभाउजूको ठीक विपरीत चरित्रका रूपमा उभ्याइएको छ । चनमतीले माइतीको सम्पत्तिबाट मात्तिएर आफ्नो पति तमीरलाई समेत पथभ्रष्ट बनाउँछे । तमीर रक्सी, रण्डी र जुवा तास तथा दुर्व्यसनीमा मस्त हुन्छ । पैसा छउन्जेल चनमती पनि मोजमस्ती गर्छे । दुवैको यस्तो बानीले माइतीबाट ल्याएको सम्पत्ति त के घरबाट छुट्टिभिन्न हुँदा पाएको पैत्रिक सम्पत्ति पनि स्वाह हुन्छ । खाने लाउने कुनै कुरा नपाएपछि अन्तमा ऊनीहरू ढुङ्गा वालुवा बोकेर र गिटी कुटेर जीवन धान्न बाध्य हुन्छन् । त्यस्तो विजोगले गर्दा स्कूलमा बिताउनु पर्ने बालबच्चाहरूको जिन्दगी पनि आमाबाबुले गरेको काम गर्न बाध्य हुन्छन् । उता आमाबाबुको सही मार्ग निर्देशन, सुसँगत र लगनशीलताका कारण रत्नेशका छोराछोरी अमेरिका पढ्न जाने मौका पाउँछन् । त्यसरी उच्च शिक्षा प्राप्त गरेपछि देशको उच्च पदमा आसिन भएर देश सेवा गरेका छन् । तमीरका छोरा छोरीको गएगुज्रेको अवस्था चित्ररेखाले आफ्नो घरमा ल्याई शिक्षा दीक्षा तथा लालनपालन समेत गर्छे । उपन्यासको अन्त्यमा रत्नेशले भाइबुहारीको चरित्रमा समेत सुधार गराई आफ्नो भागको सम्पत्ति दिएर राखेका छन् । यसरी गिरेको परिवारलाई आदर्श परिवारले सहयोग गरी दुवै परिवारलाई अन्त्यमा आदर्श परिवार र अर्कोतिर गिर्दो अवस्थाको परिवारको तुलना गर्दै तत्कालीन अवस्थाको सामाजिक परिस्थितिलाई यस उपन्यासका चरित्रमार्फत् देखाएका छन् ।

उपन्यासभित्र हर्ष, विस्मात् वा जय पराजयसँग सम्बन्धित विभिन्न घटनाहरूका कर्ता भोक्ता र द्रष्टा चरित्र हुन्छन् । समाजमा रहेका विभिन्न व्यक्तिहरूका छुट्टा छुट्टै विशेषता भए जस्तै गरी उपन्यासका चरित्र तथा पात्रहरूको पनि आआफ्ना विशेषता तथा स्वभाव रहेका हुन्छन् । यस उपन्यासमा रहेका पात्रहरूमध्ये समाजमा सत् व्यक्तिहरूको

प्रतिनिधित्व रत्नेश र उसकी श्रीमती चित्ररेखाले गरेका छन् भने असत् अर्थात् खराब आचरण भएका व्यक्तिहरूको प्रतिनिधित्व रत्नेश र चनमतीले गरेका छन् । उपन्यासमा आएर कार्यसम्पादनमा भएको सहभागिताका आधारमा यस उपन्यासका पात्रलाई प्रधान र गौण गरी दुई भागमा विभाजन गर्न सकिन्छ । प्रमुख पात्रअन्तर्गत नायक-नायिका रत्नेश र चित्ररेखा तथा प्रतिनायक-प्रतिनायिका तमीर र चनमती पर्छन् । पूर्वीय काव्यशास्त्रका आधारमा यस उपन्यासमा नायक नायिका धिरोदात्त र स्वकिया नायक नायिकामा पर्छन् । यस उपन्यासमा रहेका सहायक तथा गौण पात्रहरू शान्तिराम, सत्यलक्ष्मी, ज्वाला, किरण, ज्योति, चम्पा, प्रकाश, उज्वल, अरूण, सुरेश, कमल, लम्फी, मदेसे, प्रभात, श्री ५, ज्वाडेहरू, व्यभिचारी महिलाहरू आदि रहेका छन् । यी पात्रहरूको चारित्रिक चित्रण तल तालिकामा गरिएको छ ।

**तालिका २**

**बैकुण्ठको महल उपन्यासका पात्रहरू**

| क.सं. | पात्र | लिङ्ग | कार्य | प्रवृत्ति | स्वभाव | जीवन चेतना | आसन्नता |
|---|---|---|---|---|---|---|---|
| १ | रत्नेश | पुरुष | प्रमुख | अनुकूल | स्थीर | वर्गीय | मञ्चीय |
| २ | चित्ररेखा | स्त्री | प्रमुख | अनुकूल | स्थीर | वर्गीय | मञ्चीय |
| ३ | तमीर | पुरुष | प्रमुख | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| ४ | चनमती | स्त्री | प्रमुख | प्रतिकूल | गतिशील | व्यक्तिगत | मञ्चीय |
| ५ | शान्तिराम | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ६ | सत्यलक्ष्मी | स्त्री | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ७ | ज्वाला | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ८ | किरण | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ९ | ज्योती | स्त्री | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १० | चम्फा | स्त्री | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| ११ | प्रकाश | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १२ | उज्वल | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १३ | अरूण | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १४ | सुरेश | पुरुष | सहायक | अनुकूल | स्थीर | व्यक्तिगत | मञ्चीय |
| १५ | ज्वाडेहरू | पुरुष | गौण | प्रतिकूल | स्थीर | व्यक्तिगत | नेपथ्य |

### ३.४.३ परिवेश

प्रस्तुत **बैकुण्ठको महल** उपन्यासको कार्य व्यापारको क्षेत्र नेपालसहित नेपाल बाहिरका विभिन्न ठाउँहरू बनाइएको छ । नेपालभित्र गाउँ र सहर दुवै क्षेत्रमा उपन्यासका घटाहरू घटित भएका छन् । वि.सं २०१५ भन्दा अगाडिको परिवेशलाई उपन्यासको घटनाको अर्को रूपमा लिइएको छ । यो प्रस्तुत उपन्यासको कालिक परिवेशका रूपमा आएको छ । उपन्यासमा तत्कालीन सामाजिक परिवेश र राजनीतिक स्थितिकोसमेत चित्रण गर्ने प्रयास गरिएको छ । उपन्यासमा तत्कालीन राजनीतिक अस्थिरता र देशका जनतामा परेको अन्यौलको वातावरण यस उपन्यासमा प्रस्तुत गरिएको छ । परम्परावादी जीवनशैली उपन्यासमा देखाइएको छ । परम्पराबाट नै चल्दै आएको सांस्कृतिक-धार्मिक पक्षका माध्यमबाट आदर्श परिवारलाई प्रस्तुत गरिएको छ । उपन्यासमा सुसमाज र कुसमाजभित्र देखापरेका विभिन्न घटना, समस्या, संस्कृति, लगनशीलता, त्याग, वात्सल्यता, कर्तव्यपरयणता आदिले समसामयिक समाजको गति र सामाजिक जीवनको तीब्र अनुभूतिलाई स्पष्ट बनाएको छ ।

यस उपन्यासको परिवेश भनेको नेपाली ग्रामीण समाज र आजकलका सहरका मध्यम वर्गीय परिवृत्तको चित्रण हो । यस उपन्यासमा नेपाली रीति, नीति, आस्था र विश्वास प्रस्तुत भएका छन् । तत्कालीन अवस्थाको समयलाई अङ्कन गरिएको प्रस्तुत उपन्यासले धार्मिक पृष्ठभूमिमा रहेर जीवन र जगत्को मूल्याङ्कन गर्न खोजेको छ । उपन्यासले कतिपय अहिलेका समाजका पक्षहरूको पनि प्रतिनिधित्व गरेको पाइन्छ ।

मूलतः औपन्यासिक संरचना प्रक्रियामा वातावरण भन्नाले उपन्यासका आन्तरिक तथा बाह्य समयावधिमा प्रवाहित औपन्यासिक कार्यव्यापारसँग सम्बन्धित देश, काल र परिस्थिति अथवा समाज, जाति वा वर्गको आचार र विचार सभ्यता एवं संस्कृतिका साथै सामाजिक राजनीतिक, ऐतिहासिक आदि परिवेशको चित्रणलाई जनाउँछ (प्रधान, २०४५ : १४२) प्रस्तुत उपन्यासको वातावरणभित्र पनि देशका सामाजिक, धार्मिक, राजनीतिक परिस्थिति,आचार विचार, चाल चलन, समाजका असल खराव व्यावहारिक र वैचारिक पक्षलाई चित्रण गरिएको छ ।

वातावरण कालगत दृष्टिले ऐतिहासिक र समसामयिक हुन्छ । यस उपन्यासको वातावरण समसामयिक छ । बाह्य वातावरणमा समाज र प्रकृतिको चित्रण गरिएको छ भने आन्तरिक वातावरणमा सामाजिक सांस्कृतिक धरातलमा निर्मित पात्रगत मनोदशा वा मानसिक उथलपुथललाई प्रस्तुत गरिएको छ । मूलत : यस उपन्यासमा बाह्य वातावरणको चित्रण पाइन्छ । स्थानीय परिवेश, सामाजिक, सांस्कृतिक, आर्थिक, धार्मिक, राजनीतिक आदि विभिन्न क्रियाकलापहरूको सजीव प्रस्तुतीकरण यस उपन्यासको समाज चित्रणअन्तर्गत आएको छ ।

### ३.४.४ सम्वाद

उपन्यासमा आएका पात्र तथा चरित्रले आपसमा कुरा कानी गर्दा वा आफ्ना विचार राख्दा तथा त्यसमा सहमति वा असहमति जनाउँदा कृतिमा सम्बादका पक्षहरू आएका हुन्छन् । यस उपन्यासका पात्रहरू सामान्यतया सरल बोलचालको भाषा प्रयोग गर्छन् । उपन्यासका सम्वादहरू पात्रको क्षेत्र स्वभाव र स्तरअनुरूप नै देखिएका छन् । जस्तो बच्चाले बोलेको कुरालाई तोते बोलीका रूपमा प्रस्तुत गरिएको छ, जस्तै -

"................अँ..........प्रकात् भाइ तमेली बैनीको मूमा आएका थन्............म लिन दान्थु" (पृ. १८०) ।

तर रत्नेशका छोराछोरीले भने कताकति प्रौढ मान्छेहरूले बोल्ने खालको भाषा प्रयोग गरेको देखिन्छ । उपन्यासमा चरित्रभन्दा पनि लेखक धेरै बोलेको पाइन्छ । सम्बादका क्रममा चरित्रले हाउभाउको पनि प्रयोग गरेको पाइन्छ । प्रकृतिको नाटकीय चित्रण छिटफुट रूपमा देखिन्छ । सम्बादमा अन्तर्निहीत कतिपय परिस्थिति र पात्रहरूको बीचको अन्तर्द्वन्द्व त्यति टड्कारो रूपमा पाइदैन । कतिपय ठाउँका लामालामा भाषणका सम्बादले उपन्यासलाई पट्यार लाग्दो बनाएको छ । उक्त लामालामा भाषणका अंश बाहेक अन्य सम्बाद संक्षिप्त र छोटा छन् । उपन्यासका चरित्रहरूले घटनाको सन्दर्भमा परस्परमा व्यक्त गरेको प्रतिक्रियामूलक छलफल वा कुरा कानीलाई सम्बाद भनिन्छ । उपन्यासकारकै वर्णन विश्लेषणद्वारा उपन्यासको प्रस्तुतति हुन सक्छ तापनि वर्णनप्रधान विधा उपन्यासको वर्णनमा एकोहोरोपन हटाउन सम्बाद त[illegible]वको आवश्यकता पर्छ । नाटकमा अभिनयद्वारा व्यक्त हुने कुरा उपन्यासमा सम्वादद्वारा चित्रित गरिन्छ । कलात्मकता र प्रवाहत्मकता सम्बादको

अनिवार्य आवश्यकता भए पनि प्रस्तुत उपन्यसाको सम्बाद त्यो पक्षमा कमजोर सावित भएको छ  तर पनि उपन्यासमा रहेको सम्बाद पक्षले उपन्यासलाई नाटकीकरण गर्नमा भने सहयोग पुऱ्याएको छ । उपन्यासको बीच-बीचमा श्लोकबद्ध पंतिहरूको प्रयोग सम्वादका क्रममा गरिएकाले उपन्यासको सहज विकासमा झन्झट थपेको छ । उपन्यासको सम्बादले आख्यान कथन अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

यस उपन्यासको सम्बाद त□वको मूल सम्बन्ध चरित्रसँग रहेको छ  भने गौण रूपमा आन्तरिक गति एवं वातावरणसित रहेको छ । लेखकको आशय स्पष्ट गर्न सम्बाद त□व सफल रहे पनि पात्रका आन्तरिक सङ्घर्ष र मनोदशाको चित्रण गर्न भने उपन्यासको सम्बाद पछाडि परेको देखिन्छ । यस उपन्यासको सम्बाद औपन्यासिक घटना व्यापारको क्रमिक विकासमा आख्यान कथनको सहायक माध्यामका रूपमा रहेको छ । समग्रमा भन्दा यस उपन्यासमा प्रस्तुत सम्वाद रोचकता र कलात्मकता भरिएको नभई सामान्य काम चलाउ खालको छ ।

### ३.४.५ भाषाशैली

अभिव्यक्तिको माध्यम भाषा हो र अभिव्यक्त गर्ने तरिका शैली हो । कोइरालाले प्रस्तुत उपन्यासमा सरल र सहज भाषाको प्रयोग गरेका छन् । तर उपन्यासमा प्रयोग गरिएका लामा लामा पद्यात्मक श्लोकले उपन्यासलाई काव्यात्मक बनाएका छन् । कोइरालाले यस उपन्यासमा पृष्ठ ११४ देखि १३२ सम्मका पृष्ठमा पद्यात्मक भाषाको प्रयोग गरेका छन् । यस पद्यको नमुना यस प्रकार रहेको छ-

जस्को दर्शनलाई दूर्लभ थियो, अत्यन्त सुन्दर अनि ।
जस्का कोमल पाउले पृथ्वीमा, टेकेन कल्यै पनि ॥
उस्ती राम प्रिया पनि वनमहाँ, घुम्नु भिखारी सरी ।
कर्मैको फल भोग हेर बलियो, टर्दैन केही गरी ॥

(पृ. ११५)

यसका साथै प्रस्तुत उपन्यासमा नेपालीइतर भाषाका शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । उपन्यासमा **आज** शीर्षकको हिन्दी पत्रिकाबाट पूरा एक पृष्ठ समाचार प्रस्तुत गरिएको छ ।

"विभिन्न देशके प्रतिनिधि यों में नेपाली छात्र छात्रा कि बिजय"

(हेर्नू पृष्ठ १०२)

शीर्षक दिइएको उक्त हिन्दी समाचारले उपन्यासमा प्रशस्त मात्रामा आगन्तुक शब्दहरूको प्रयोग भएको देखाएको छ । यसका साथै उपन्यासमा हिन्दी बाहेकका भाषाहरूबाट पनि शब्दहरू लिइएको छ । यस उपन्यासको भाषिक प्रयोगमा सबैभन्दा खड्केको विषय वर्णविन्यासगत त्रुटि हो । यस उपन्यासमा थुप्रै मात्रामा भाषिक गल्तिहरू रहेका छन् । यस सम्बन्धमा लेखकको समेत स्वीकारोक्ति रहेको छ (हेर्नू भूमिका) । यस उपन्यासमा केही मात्रामा अनुकरणात्मक शब्दहरूको पनि प्रयोग गरिएको छ । जस्तै सिरिर्र, कुहुँकुहुँ, झननन्, चकमन्न, झ्याम्म, सुक्कसुक्क, भररर् आदि । यस्तै यस उपन्यासमा केही टुक्काहरूको पनि प्रयोग भएको देखिन्छ । जस्तै- बारुले कम्मर, चिन्नु न जान्नु ढुङ्गाले हान्नु आदि ।

शैलीका दृष्टिले प्रस्तुत उपन्यासलाई हेर्दा यस उपन्यासमा परम्परावादी आख्यान शैलीको प्रयोग गरिएको देखिन्छ । परम्परित रूपले नै उपन्यासमा अध्याय योजना गरिएको छ । लेखक उपन्यासका सबै घटनाका द्रष्टाका रूपमा प्रस्तुत भएका छन् । घटना तथा पात्रका बारेमा टीका र टिप्पणी गर्दा लेखकले आफ्ना विचारहरू पनि प्रस्तुत गरेका छन् । उपन्यासका सम्पूर्ण घटना तथा पात्रहरूका बारेमा लेखकले नै जानकारी दिएकाले उपन्यास सर्वज्ञशैलीमा लेखिएको छ । उपन्यास वर्णनात्मक शैलीमा लेखिएको देखिन्छ । उपन्यासमा कौतुहलता पनि देखिएको छ । तमीर र चनमतीका दुखका दिनहरू थपिँदै जाँदा भोलिका दिनमा यिनीहरूले कसरी दिन काट्लान् अरू के कस्ता चुनौति वेहोर्नु पर्ला उनीहरूको जीवन अझ लथालिङ्ग हुने हो की सम्हालिएला ? भन्नेजस्ता सवालहरू उपन्यास पढ्दै जाँदा पाठकको मनमा आइरहन्छन् ।

### ३.४.६ उद्देश्य

प्रस्तुत उपन्यासमा उपन्यासकारले आफ्ना आस्था र मान्यता जीवन र जगत्प्रतिको दृष्टिकोण प्रस्तुत गर्न खोजेको देखिन्छ । कस्तो महल बैकुण्ठको महल हो भन्ने उदाहरण प्रस्तुत गर्नु लेखकको अभीष्ट रहेको छ । यस उपन्यासमा एक परिवारका सदस्यहरूको चित्रणलाई लिएर सिङ्गो समाज र राष्ट्रको चित्रण गर्न खोजिएको छ । पूर्व जन्मको कमाइ

यस जन्ममा र यस जन्मको कमाइ अर्को जन्ममा भोग्नु पर्ने भन्ने धार्मिक कुरामा विश्वास नगरी यस जन्ममा गरिएका कार्यहरूको भोग यसै जन्ममा गर्नु पर्छ भन्ने चेतना लिएर समाजलाई सचेत गराउन खोज्नु यस उपन्यासको उद्देश्य रहेको छ । यसै उद्देश्यअनुरूप कस्तो परिवार आदर्श परिवार हो कस्तो महल बैकुण्ठको महल हुन्छ भन्ने कुरा देखाउँदै बैकुण्ठ जानु भनेको हाम्रो आस्थाले स्वीकार गर्दै आएको स्वर्ग मात्र नभएर राम्रो काम गरेमा यही पृथ्वीमा स्वर्गीय आनन्द प्राप्त गर्न सकिन्छ र यहीको बास नै बैकुण्ठ बास हो भन्ने आदर्श प्रस्तुत गर्नु यस उपन्यासको मुख्य उद्देश्य रहेको देखिन्छ ।

उद्देश्य वा प्रयोजन बिना कुनै पनि काम गरिँदैन । उपन्यास केवल संयोगहरूको उद्घाटक वा शिल्पहरूको प्रदर्शक साधक मात्र होइन, संवेग र शिल्प बाहेक औपन्यासिक जीवन दृष्टिको क्रियाशीलता र परिणाम उपन्यासको सम्पूर्णता हो (जैन, ई.१९७२ : ३) । प्रस्तुत उपन्यासमा अभिव्यक्त भएको जीवन दृष्टि यस उपन्यासको उद्देश्यमा उपस्थित भएको छ । यो उद्देश्य कथावस्तुको अन्तिम परिणतिका रूपमा प्रकट भएको छ । प्रस्तुत उपन्यासको मूलभूत उद्देश्य आदर्श जीवनको यथार्थता प्रस्तुत गर्नु रहेको देखिन्छ । यस उपन्यासको कथानकको छनोटमा उद्देश्यले सघाएको छ । उपन्यासमा सम्बाद घटना र औपन्यासिक परिणामका आधारमा प्रत्यक्ष रूपमा उद्देश्यको पुष्टि गरिएको छ । उपन्यासमा सबै प्रकारका कुलतहरूबाट जोगिएर चारित्रिक उत्थान र नैतिक शुद्धताको आफ्नो ध्येयलाई सामाजिक र आचरणिक सुधारमा नियोजित गरेर कथात्मक रूप दिइएको छ ।

## ३.५ निष्कर्ष

कोइरालाको **सत्य सन्देश र विधवा जीवन** उपन्यास २०१५ सालभन्दा अगाडिको नेपाली नारी समस्यालाई केन्द्रविन्दु बनाएर प्रस्तुत उपन्यास लेखिएको छ । पुरुषले बहुविवाह गर्न पाउनु, नारीलाई आफ्नो अस्तित्व जोगाउन कुनै स्वाबलम्बी आधार र न्यायसँगत अधिकार नरहनु, वेश्या गमनको प्रवृत्ति, पुरुष र दासताको बन्धनमा जगडिएर रगतको आँसु बगाउने नारीहरूलाई सचेत पारी मुक्तिको निम्ति प्रेरित गर्न उपन्यासकार अघि सरेका छन् । यसरी तत्कालीन समाजको चित्रण गर्दै निचोडका रूपमा सुधारात्मक आदर्श प्रस्तुत गरेकाले यो उपन्यास आदर्शोन्मुख यथार्थवादभित्र समेटिएको पाइन्छ । यो उपन्यासको प्रकाशन कालमा यथार्थवाद झाँगिएको अवस्थामा सोही धारा पक्डेर नेपाली

नारी समाजको चित्रण गर्दै यथार्थवादलाई अझ बलियो बनाउने कार्यमा यस उपन्यासले पनि एक इँटा थप्ने काम गरेको छ ।

कथानक र चरित्रको प्रधानताको दृष्टिले उपन्यास घटनाप्रधान र चरित्र प्रधान हुन्छन् । प्रस्तुत उपन्यास घटनाप्रधान उपन्यास हो । वर्णनात्मक शैली तारतम्यपूर्ण संयोग, चलचित्रात्मक सम्बाद यस उपन्यासमा पाइने विशेषता हुन् । विधवा विहे गराइ दिएर हिन्दू परम्परालाई चुनौती दिएबाट प्रस्तुत उपन्यास सुधारोन्मुख आदर्शवादी उपन्यासका रूपमा लिन सकिन्छ ।

उपन्यासमा विभिन्न वर्ग समूह र उमेरका पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासमा अनुकूल प्रतिकूल दुवै खाले पात्रहरू छन् । यसमा नारी पात्रलाई बढी सक्रिय गराइएको छ । उपन्यासमा मूलतः गाउँ र अंशतः सहर दुवै ठाउँ कार्यपिठीकाका रूपमा रहेका छन् । सरल कथावस्तुलाई लिएर औपन्यासिक रूप प्रदान गरिएको छ । सौन्दर्य सृष्टिका दृष्टिमा उपन्यास उत्कृष्ट देखिदैन । शिल्प सौन्दर्य भावगत परिष्कृति, औपन्यासिक संरचनागत सुगठन आदिको काम चलाउ निर्वाह गरिएको छ ।

**बैकुण्ठको महल** उपन्यासको पृष्ठभूमि नेपाली समाज हो । त्यसको विषय हाम्रो गृहस्थी जीवन हो । यस उपन्यासले पारिवारिक जीवन शान्तिपूर्वक व्यतित होस भन्ने कामना गर्दै समयअनुसार सामाजिक र नैतिक सुधारको चाहनालाई प्रस्तुत गरेको छ । सद्व्यवहार, शुद्धभावना, त्याग एवं परिश्रमजस्ता कुराहरू सुखी जीवन र आदर्श समाजको परिकल्पनालाई वास्तविक रूप दिने आधार हुन् । असल र खराब आचरणमा परिवारका सुख वा दुख शान्ति वा विग्रहको कारण हो भन्ने कुरा रत्नेश र तमीरको विपरीत चरित्र उपस्थित गरेर आदर्शको अनुकरण र आदर्शहीनताको परित्याग गर्नु पर्ने सन्देश उपन्यासले दिएको छ ।

यस उपन्यासमा लेखकको समाज सुधारको भावना प्रवल छ र त्यो भावनामा आदर्शको पक्ष ज्यादा देखिएको छ । यसरी हेर्दा प्रस्तुत उपन्यासका कतिपय प्रसङ्गहरू रूपमती उपन्याससँग मेल खाने देखिन्छन् । तर सासूबुहारी एवं नन्दभाउजू आदिका प्रसङ्गहरू यहाँ देखाइएका छैनन् । लेखक खालि कसरी बैकुण्ठको महल सिर्जना गर्न सकिन्छ भन्ने तर्फ केन्द्रित रहेकाले पारिवारिक आदर्शका दृष्टिले **रूपमती**सँग तुलना गर्न सकिने भएको देखिन्छ । शान्तिरामका दुई छोरा रत्नेश र तमीर तथा दुई बुहारीहरू चित्ररेखा

र चनमतीलाई प्रमुख पात्र बनाएर लेखिएको यस उपन्यासमा यिनीहरूका माध्यमबाट समाजमा हुने सत् र असत् दुवै पक्षको चित्रण गर्दै आदर्शको पक्ष उजागर गर्ने काम उपन्यासमा भएको छ । यो उपन्यास घटना प्रधान उपन्यास हो । यस उपन्यासमा विभिन्न वर्ग समूह  र उमेरका पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासको कार्यपिठीका नेपालसहित नेपाल बाहिरका विभिन्न देशहरू पनि बनाइएको छ । उपन्यासमा नेपाली रीति, नीति, आस्था र विश्वास प्रस्तुत भएका छन् । तत्कालीन अवस्थाको समयलाई अङ्कन गरिएको प्रस्तुत उपन्यासले धार्मिक पृष्ठभूमिमा रहेर जीवन र जगत्को मूल्याङ्कन गुण-अवगुणद्वारा मानवीय उच्चता र निचताका साथै समाजको मूल्याङ्कन गर्न खोजिएको छ । उपन्यास परम्परित रचनाविधानमा संरचित रहेको छ । शिल्प, सौन्दर्य भावगत परिस्कृति औपन्यासिक संरचनागत सुगठनमा त्यति सफलता हात लाग्न सकेको देखिँदैन ।

# चौथो परिच्छेद

# भुवनेश्वर कोइरालाका औपन्यासिक प्रवृत्ति र मूल्याङ्कन

## ४.१ विषयप्रवेश

नेपाली उपन्यासको विकास प्रक्रियाको आदर्शोन्मुख यथार्थवादी धारा अन्तर्गत देखा परेका भुवनेश्वर कोइराला सुधारवादी चेतना भएका औपन्यासिक व्यक्तित्व हुन् । रुद्रराज पाण्डेले भित्र्याएको आदर्शोन्मुख यथार्थवादी धारामा रहेर औपन्यासिक कृतिहरूको रचना गर्ने उपन्यासकारमध्ये कोइराला पनि एक हुन् । आधुनिक नेपाली उपन्यासले २ दशकभन्दा बढी समय पार गरी सकेपछि उपन्यास लेखनमा लागेका कोइरालाले औपन्यासिक कृतिहरू प्रकाशित गराउँदा नेपाली उपन्यासले आदर्शोन्मुख यथार्थवाद (**रूपमती**), स्वच्छन्दतावाद (**भ्रमर**), सामाजिक यथार्थवाद (**मुलुक बाहिर**), ऐतिहासिक यथार्थवाद (**बसन्ती**), आलोचनात्मक यथार्थवाद (**स्वास्नीमान्छे**), प्रगतिवादको प्रचेष्टा (**को अछुत ?**) आदि जस्ता धारागत प्रवृत्तिहरू पार गरिसकेको देखिन्छ । कोइराला नेपाली उपन्यासलाई आधुनिकतामा प्रवेश गराउने धारा आदर्शोन्मुख यथार्थवादमा समाज सुधारको अपेक्षासहित औपन्यासिक कृति लेख्ने व्यक्ति हुन् । उनका प्रकाशित उपन्यासहरू **सत्य सन्देश र विधवा जीवन** र **बैकुण्ठको महल** दुवै उपन्यासमा आदर्शको अभिव्यक्ति भएको छ । उनी आदर्शलाई सुधारात्मक तवरले व्यक्त गर्छन् । उनका दुई उपन्यासहरूमध्ये **बैकुण्ठको महल**मा आदर्शको पक्ष बढी रहेको पाइन्छ भने **सत्य सन्देश र विधवा जीवन**मा सुधारवादी चेतना प्रबल रूपमा अभिव्यक्त भएको देखिन्छ । कोइरालाका यी प्रकाशित उपन्यासका आधारमा उनको औपन्यासिक प्रवृत्तिको पहिचान गर्दै उपन्यासकारिताको मूल्याङ्कन यस अध्यायमा गरिएको छ ।

## ४.२ भुवनेश्वर कोइरालाका औपन्यासिक प्रवृत्तिहरू

भुवनेश्वर कोइरालाका **सत्य सन्देश र विधवा जीवन** (२०१३) र **वैकुण्ठको महल** (२०१३) दुई उपन्यासहरू प्रकाशित भएका छन् । यी उपन्यासहरूमध्ये पहिलो उपन्यास नेपाली समाजले विधवा महिलाप्रति न्याय गर्न नसकेको भन्दै विधवा विवाहका पक्षमा लेखिएको प्रगतिशील चेतना भएको उपन्यास हो । त्यसै गरी उनको दोस्रो उपन्यासमा नेपाललाई नै वैकुण्ठ बनाउने राष्ट्रिय भावना रहेको पाइन्छ । यी उपन्यासहरूमा

कोइरालाका विषयवस्तुगत, भाषाशैलीगत, उद्देश्यगत आदि आधारमा विभिन्न औपन्यासिक प्रवृत्तिहरू रहेको देखिन्छ । उनका औपन्यासिक प्रवृत्तिहरूलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ४.२.१ आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति

भुवनेश्वर कोइरालाका दुवै उपन्यासमा आधुनिक नेपाली उपन्यासको आरम्भ गर्ने औपन्यासिक धारा आदर्शोन्मुख यथार्थवादको गहिरो प्रभाव रहेको पाइन्छ । समाजमा रहेका यथार्थ पक्षलाई आदर्शको जलप लगाएर प्रस्तुत गर्ने प्रवृत्ति कोइरालाका दुवै उपन्यासमा रहेको छ । उनका दुई उपन्यासमध्ये **बैकुण्ठको महल**मा आदर्श **रूपमती** उपन्यास कै हाराहारिमा रहेको छ । यस उपन्यासले **रूपमती**ले देखाएको बाटोलाई पछ्याउने काम गरेको छ । यस उपन्यासका प्रमुख पात्रहरू रत्नेश र चित्ररेखा **रूपमती**का लोग्ने स्वास्नी जस्तै आदर्श स्वभावका रहेका छन् भने तमीर र चनमती अदर्शहीन स्वभाव र व्यक्तित्वका रहेका छन् । १९९१ सालमा **रूपमती** प्रकाशित हुँदाको नेपाली समाजमा बाहुनले जाँड रक्सी खाने चलन भित्रिइनसकेकाले रविलाल गाँजा र भाङले मातेर हिँडेको देखाइएको छ भने **बैकुण्ठको महल** उपन्यास प्रकाशित भएको नेपाली समाजमा बाहुनले पनि जाँड रक्सी खाने चलन सुरु भई सकेकाले तमीर गाँजा र भाङ छोडेर जाँडतिर लोभिएको देखाइएको छ । **रूपमती**को रविलालले जुन रूपमा आदर्शहीन कामहरू गरेको छ त्यसकै बराबर कामहरू प्रस्तुत उपन्यासको तमीरले पनि गरेको छ (अधिकारी, २०६५ : २३१) । उरन्ठेउला साथीहरूसँग रल्लिएर हिँड्नु, ऋण काडेर भए पनि जाँड रक्सी र रण्डीमा पैसा खर्च गर्नु, स्वास्नीका कुरा सुनेर दाइभाउजूसँग झगडा गरेर छुट्टै बस्न थाल्नु तथा अन्त्यमा आफूलाई संकट परेपछि उनीहरूसँग क्षमा माग्नु आदि जस्ता सबै घटनाहरू **रूपमती** कै पुनरावृत्ति हुन् । त्यसकारण भुवनेश्वर कोइरालाको औपन्यासिक प्रवृत्तिहरू मध्येका एक मह□वपूर्ण बुँदाका रूपमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति रहेको छ ।

### ४.२.२ सुधारवादी प्रवृत्ति

भुवनेश्वर कोइरालाको उपन्यासकारिताको मुख्य उद्देश्य समाज सुधारको भावनाको अभिव्यक्ति रहेको कुरा उनका उपन्यासहरूको अध्ययनबाट प्रष्ट हुन्छ । आदर्शोन्मुख यथार्थवादी धारमा रहेर उपन्यास लेखे पनि कोइरालाले आफ्ना उपन्यासमा व्यक्त गरेका

आदर्शलाई नसुहाउँदो पाराले प्रस्तुत गरेका छैनन् । उनी समाज सुधारको चाहना व्यक्त गर्नका लागि आदर्शको सहारा लिएर उपन्यासमा आफ्ना विचारको प्रकटीकरण गर्न रुचाउँछन् । उनको **सत्य सन्देश र विधवा जीवन** उपन्यासमा समाज सुधारको यो चाहाना **बैकुण्ठको महल**को तुलनामा अझ सशक्त रूपले प्रकट भएको पाइन्छ । यस उपन्यासमा कोइरालाको सुधारको चेतना नारी समास्यामा केन्द्रित रहेको छ । हिन्दू धर्मावलम्बी नेपाली समाजमा रहेको नारी र त्यसमा पनि विधवाहरूका समस्यालाई यथार्थ रूपले प्रकट गर्दै त्यसमा सुधारको चाहना उपन्यासकारले व्यक्त गरेका छन् । उनले आफ्नो उपन्यासमार्फत् बालविवाह, बृद्धविवाह निर्मूल गर्नु पर्ने, बालिकाहरूलाई १७ वर्षको उमेरसम्म शिक्षा दिनु पर्ने, रोजेर विवाह गर्न पाउनु पर्ने, स्वास्नी हुँदाहुँदै पुरुषले अर्को विवाह गर्न नपाउने, पारपाचुके गर्न पाउनु पर्ने, विधवा विवाह गर्न पाउनु पर्ने, भ्रष्टाचार र व्यभिचार रोक्नु पर्ने आदि जस्ता सुधारवादी भावनाहरू आफ्नो उपन्यासमा अभिव्यक्त गरेका छन् (प्रधान, २०३७ : ७८-७९) । यस कारण भुवनेश्वर कोइराला सुधारवादी चेतना भएका उपन्यासकार हुन् र उनको मूलभूत औपन्यासिक प्रवृत्ति पनि यही सुधारवादी चेतना हो ।

### ४.२.३ नारी समस्यामको चित्रण

भुवनेश्वर कोइराला सुधारवादी चेतना भएका उपन्यासकार हुन् र उनको सुधारवादी चेतना नेपाली नारीहरूको समस्यामा केन्द्रित रहेको छ । २०१३ सालतिर नेपाली समाजका नारीहरू र त्यसमा पनि विधवा नारीले भोग्नु परेका विभिन्न समस्याहरूको अभिव्यक्ति उनको **सत्य सन्देश र विधवा जीवन** उपन्यासमा भएको छ । सानै उमेरमा विवाह भएर अक्षतयोनी युवती विधवा भएर पनि उसले सामाजिक तिरस्कार र कामुक पुरुषहरूको कुदृष्टि सहेर समाजमा बाँच्नु पर्दाका पीडाहरूको अभिव्यक्ति यस उपन्यासमा प्रस्तुत भएको छ । उपन्यासका नायिका वा नायक जे भने पनि चार विधवा महिलाहरू रहेका छन् र उनीहरूले आफ्ना समस्याका बारेमा वादविवाद गरेको सन्दर्भ उपन्यासमा आएको छ । विधवा जीवन बिताइ रहेका महिलाहरूले आफूले पाउनु पर्छ भन्ने आवाजा उपन्यासमा उठाएका छन् । विधवा भएका कारण समाज र घर परिवार सबैबाट प्रताडित बन्नु परेको यथार्थलाई प्रस्तुत गर्दै त्यसबाट छुटकरा पाउनु पर्ने सन्देशका साथ उपन्यास टुङ्गिएको छ । त्यसकारण यस उपन्यासको मूल उद्देश्य नारी समस्याको सुधार रहेको छ र कोइरालाको

औपन्यासिक प्रवृत्तिको एउटा बुँदा नारी समस्याको उजागर गर्ने र समाधान खोज्ने उपन्यासकारका रूपमा दर्ज हुन आएको छ ।

### ४.२.४ आध्यात्मवादी/ मानवतावादी चेतना

भुवनेश्वर कोइराला धार्मिक तथा आध्यात्मिक स्वभाव भएका व्यक्ति हुन् । उनको यो अध्यात्मवादी व्यक्तित्वको प्रभाव उनका औपन्यासिक कृतिमा पनि परेको छ । उनले आफ्ना उपन्यासमा समाज सुधारको उद्देश्य प्रकट गर्दा हिन्दू धर्मका विभिन्न ग्रन्थहरू ( रामायण, गीता, महाभारत) का विभिन्न श्लोकहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरेका छन् । उनको **सत्य सन्देश र विधवा जीवन** उपन्यासकी एक प्रमुख पात्र सुशीला हिन्दू धर्मअनुसार पतिव्रता धर्ममा प्रतिबद्ध रहेर जिउँदै स्वर्ग गएको सन्दर्भ उनको उपन्यासमा रहेको छ । यसै उपन्यासको अर्को पात्र भूदेव विभिन्न स्थानमा धार्मिक प्रवचन दिँदै हिँडेको छ । यो पात्र उपन्यासकारको मुख पात्रका रूपमा उपन्यासमा आएको छ । यसका साथै उनका उपन्यासमा धार्मिक कुराहरूको अभिव्यक्त भएको पाइन्छ । कोइरालाको अध्यात्मवाद रुढिग्रस्थ चिन्तनसँग आबद्ध नभएर मानवतावादसँग जोडिएर व्यक्त भएको पाइन्छ । उनी धर्मलाई मानव जीवन अनुकूल ढगंले अबलम्बन गरिनु पर्ने मान्यता राख्ने उपन्यासकार हुन् । उनको यो चेतना उनका दुवै उपन्यासमा व्यक्त भएको पाइन्छ । यसकारण भुवनेश्वर कोइरालाको औपन्यासिक प्रवृत्ति धार्मिक चेतनाको अभिव्यक्ति मानवतावादी चिन्तनका सपेक्षतामा व्यक्त गर्नु रहेको छ ।

### ४.२.५ बहु नायकको व्यवस्था

भुवनेश्वर कोइरालाको **सत्य सन्देश र विधवा जीवन** उपन्यासमा बहु नायिकाको स्थिति रहेको छ । यस उपन्यासका प्रमुख नारी पात्रहरू मेदिनी, सुशीला, किशोरी र चकोरी सबैको भूमिका नायिका प्रधान रहेको छ । यस उपन्यासमा नायक पात्र रहेको छैन । उल्लिखित चार नारी पात्रहरू नै यस उपन्यासका नायक वा नायिका सबै हुन् । त्यसकारण भुवनेश्वर कोइराला बहु नायक प्रधान उपन्यासकार हुन् । कोइरालाको अर्को उपन्यास **बैकुण्ठको महल**मा नारीलाई प्रमुख भूमिका दिइएको छ भने पुरुषलाई गौण पात्रका रूपमा देखाइएको छ । यस उपन्यासमा चित्ररेखालाई सबै कामको हर्ताकर्ता बनाइएको छ ।

### ४.२.६ आञ्चलिकता

भुवनेश्वर कोइरालाको औपन्यासिक प्रवृत्तिमा आउने अर्को पक्ष आञ्चलिकता पनि हो । उनको उपन्यास **सत्य सन्देश र विधवा जीवन**मा आञ्चलिकताको प्रयोग भएको देखिन्छ । यस उपन्यासमा कोइरालाले पोखरा सेफरोफेरोको भौगोलिक परिवेशका बारेमा चर्चा गरेका छन् । सेती नदीमा रहेका विभिन्न धार्मिक स्थलहरू र दशैंमा गाउँघरमा राखिएका पिङ्हरू, प्राकृतिक सन्दरता र त्यसकै नदीका छहारीमा रमाएका युवायुवतीहरूको नाटकीय दृष्य उपन्यासमा आएका छन् ।

### ४.२.७ राष्ट्रियता र सांस्कृतिक चेतनाको व्याख्या

भुवनेश्वर कोइरालाका उपन्यासमा राष्ट्रियताको भावना प्रवल रूपले आएको पाइन्छ । उनले आफ्ना उपन्यासमार्फत राष्ट्र र राष्ट्रियताको सवाल उठाएका हुन्छन् । देश विकास भए मात्रै जनताको विकास हुन सक्छ भन्ने मान्यताको प्रस्तुति उनका उपन्यासमा भएको पाइन्छ । कोइरालाको यो भावनाको राम्रो अभिव्यक्ति उनको **बैकुण्ठको महल** उपन्यामसा भएको देखिन्छ । छात्रावृत्ति पाएर विदेशमा पढ्न गएका रत्नेशका छोराछोरी स्वदेशमा नै फर्केर समाज तथा राष्ट्र विकासमा लागेकाले यसको पुष्टि हुन्छ । यस्तै कोइरालाका उपन्यासमा सांस्कृतिक चेतनाको व्याख्या पनि भएको पाइन्छ । उनले हिन्दू समाजमा रहेका विभिन्न सांस्कृतिक मूल्य र मान्यताहरूको व्याख्या आफ्ना उपन्यासहरूमा गरेका छन् । यसोगर्दा कोइराला सुधारिएको समाज र सांस्कृतिक चिन्तनको पक्षमा देखिन्छन् ।

यसका अतिरिक्त भुवनेश्वर कोइरालाका अन्य औपन्यासिक प्रवृत्तिहरूमा अधिकार र कर्तव्यको बोध, राष्ट्रिय सम्पदा र संस्कृतिको उचित प्रयोग तथा अभिव्यक्ति, शिक्षाको मह□व र आवश्यकताको प्रस्तुति, पुर्नजन्म र पूर्वजन्म नभई यसै जन्मको विश्वास, प्रशासनिक समस्याको अभिव्यक्ति र सुधारको चाहना, जीवन र प्रकृति तथा अध्यात्मलाई एकार गर्ने आदि रहेका छन् ।

### ४.२.८ शैली तथा शिल्पगत प्रवृत्ति

भुवनेश्वर कोइरालाका औपन्यासिक कृतिहरू शिल्पशैलीका दृष्टिले केही कमजोर रहेका छन् । उनले आफ्ना दुवै उपन्यासमा पद्यश्लोकहरूको उपयोग गरेका छन् तर तिनले

उपन्यासको उचाइ बढाउनेभन्दा पनि औपन्यासिक सौन्दर्यमा ह्रास ल्याउने काम गरेका छन् । पद्यको अधिक प्रयोगका कारण उनको **सत्य सन्देश र विधवा जीवनको** तुलनामा **बैकुण्ठको महल** अझबढी बोझिलो सावित भएको छ । बहु नायक तथा अधिक पात्रको प्रयोगका कारण पनि उपन्यासमा अन्यौलताको स्थिति सिर्जना भएको छ । कोइरालाको **बैकुण्ठको महल** भन्दा **सत्य सन्देश र विधवा जीवन** उपन्यास धेरै सन्तुलित रूपमा आएको छ । यस उपन्यासमा विषयवस्तुको सन्तुलन सुन्दर भएकाले भाषिक अभिव्यक्ति र प्रस्तुति दुवै सुन्दर बनेको छ । अघिल्लो उपन्यासका तुलनामा धेरै भाषिक त्रुटिहरू घटेका छन् । नेपाली भाषाका उखान टुक्का, अनुकरणात्मक शब्द, झर्रा नेपाली शब्द आदिको उचित प्रयोगका कारण उपन्यासको सौन्दर्य बढेको छ । समग्रमा भुवनेश्वर कोइराला शिल्प तथा शैलीगत प्रवृत्तिका हिसाबले मध्यम उपन्यासकार हुन् ।

## ४.३ नेपाली उपन्यासमा भुवनेश्वर कोइरालाको स्थान

नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराट पर्व**लाई उल्लेख गर्न सकिन्छ । यो कृति नेपाली उपन्यासको पूर्व रूप हो (प्रधान, २०५२ : २०) । यसपछि १९४६ मा प्रकाशित भएको **वीरसिक्का** , **लालहिरा** (१९६५), **हात्तिमताइको कथा** (१९८१), **तोता मैनाको कथा** (१९८४), **महेन्द्रप्रभा** (१९५९), **वीरचरित्र** (१९६०), आदिजस्ता जासुसी एवं तिलस्मी औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यसपछि १९९१ सालमा प्रकाशित भएको **रूपमती** उपन्यासले नेपाली उपन्यासलाई आधुनिक कालमा प्रवेश गराएको हो । नेपाली उपन्यासलाई आधुनिकतामा प्रवेश गराउने यो कृति जीवन यस्तो हुनुपर्छ भन्ने कुरा देखाउने आदर्श र जीवन यस्तो छ भन्ने कुरा देखाउने यथार्थ दुवै पक्षलाई मिसाएर प्रस्तुत गरिएको आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । यस अर्थमा आधुनिक नेपाली उपन्यासको आरम्भ आदर्शोन्मख यथार्थवादबाट भएको हो । यसका आधारमा नेपाली उपन्यासमा आधुनिक कालको आरम्भ गरेको कृति **रूपमती** र त्यसका लेखक रुद्रराज पाण्डेको स्थान जहाँनेर देखा पर्छ ठिक त्यही ठाउँमा उपन्यासकार भुवनेश्वर कोइराला पर्छन् । नेपाली उपन्यासको विकासप्रक्रियामा आधुनिकताको प्रवेश गराएको रूपमति उपन्यासले आदर्शोन्मुख यथार्थवादी विचारधारालाई नेपाली उपन्यास फाँटमा स्थापित गरेको हो । वि. सं. १९९१ मा लेखिएको पाण्डेको प्रस्तुत उपन्यासमा जुन वैचारिकता रहेको छ ठीक त्यही प्रकारको वैचारिक अभिव्यक्ति यसको दुई दशकभन्दा पनि

बढी समयपछि प्रकाशित भएका भुवनेश्वर कोइरालाका **सत्य सन्देश र विधवा जीवन** (२०१३) र **बैकुण्ठको महल** (२०१३) दुवै उपन्यासमा रहेको पाइन्छ । कोइरालाको पहिलो उपन्यास नेपाली समाजमा विधवाप्रतिको व्यवहारमा सुधार हुनुपर्ने मान्यताका साथ लेखिएको छ भने दोस्रो उपन्यासमा नेपाललाई नै बैकुण्ठ बनाउने लेखकीय अभिलाषाको प्रस्तुति भएको पाइन्छ ।

माध्यमिककालीन अनुवादित, जासुसी तिलस्मी, ऐयारी, धामिक उपदेशात्मक उपन्यास परम्पराको अन्त्य गरेर सामाजिक आदर्शोन्मुख यथार्थवादको प्रतिस्थापन गर्ने काम गरेको **रूपमती**ले देखाएको बाटोमा प्रवृत्त भएको कोइरालाको **सत्य सन्देश र विधवा जीवन** उपन्यासले यथार्थको यथास्थितिमय चित्रणमात्रै गरेको छैन बरु त्यसको सुधारिएको रूपको अपेक्षासमेत गरेको छ । पाण्डेको **रूपमती** उपन्यासले यथार्थलाई आदर्शको जलप लगाएर प्रस्तुत गरेको छ भने कोइरालाको प्रस्तुत उपन्यासले समाज सुधारको अभिलाषासमेत अभिव्यक्त गरेको छ । यसका लागि उपन्यासकारले समाजमा हेपिएका, पेलिएका र घृणित तवरले हेरिएका विधवा नारीको मार्मिक जीवनकहानी प्रस्तुत गर्दै आध्यात्मिक हिन्दूवादको कट्टरताले निर्माण गरेको यो व्यवस्थाको जगसमेत हल्लाउने प्रयास गरेको छ । यो पक्ष नेपाली उपन्यासको तत्कालीन परम्परामा हृदयचन्द्रसिंह प्रधानको **स्वास्नीमान्छे** उपन्यासले अगाडि सारेको दृष्टिकोणको नजिक पुगेको छ । यस उपन्यासले प्रस्तुत गर्न खोजेको विषयवस्तु पनि नेपाली समाजमा विद्यमान नेपाली नारीहरूका समस्या र त्यसबाट मुक्तिको अपेक्षा रहेकाले यसलाई **स्वास्नीमान्छे** उपन्यासका नजिक राख्दा उत्तम हुन्छ । तर यस उपन्यासले उठान गरेको विषयवस्तुलाई पूर्णतया रूपान्तरणकामी रूपले प्रस्तुत गर्न भने सकेका छैनन् । यसका साथै एउटा परिवारको यथार्थ जीवनवृत्तलाई मुख्य विषयवस्तु बनाएर लेखिएको उनको दोस्रो उपन्यास **बैकुण्ठको महल**मा यही पारिवारिक चित्रणलाई माध्यम बनाएर सिङ्गो समाजको चित्रण गर्न खोजिएको छ । हिन्दूवादले अङ्गिकार गरेको पूर्वजन्म र पूनर्जन्मको विरोध गरिएको यस उपन्यासमा यस जन्ममा नै बैकुण्ठबास गर्न सकिने दृष्टिकोण अगाडि सारिएको छ । यो उपन्यास कोइरालाको अर्को उपन्यासका तुलनामा अलि बढी आदर्शवादतिर झुकेको देखिन्छ । यस उपन्यासमा कोइरालाले आफ्नो दृष्टिकोण व्यक्त गर्नका लागि कतिपय ठाउँमा चरित्रलाई अतिक्रमणसमेत गरेको पाइन्छ । जे र जसरी भए पनि यस उपन्यासमा पनि कोइरालाको सुधारवादी चेतना भने प्रशस्त रहेको पाइन्छ ।

निचोडमा भन्दा नेपाली उपन्यासको विकास प्रक्रियमा भुवनेश्वर कोइरालाको स्थान यस विधामा आधुनिकताको प्रवेश गराउने औपन्यासिक धारा आदर्शोन्मुख यथार्थवादमा छ तर उनी यथार्थको सपाट चित्रण र त्यसमा अतिशय आदर्शको लेप लगाउनमा मात्र सीमित नभएर यथार्थलाई आलोचनात्मक दृष्टिले प्रस्तुत गर्दै सुधारिएको समाजको अपेक्षासम्म विस्तारित भएका छन् । तर उनको सुधारवादी दृष्टिकोण आध्यात्मवादतिर ढल्केको पाइन्छ ।

## ४.४ निष्कर्ष

भुवनेश्वर कोइराला अध्यात्मवादी चेतना भएका व्यक्ति भएका कारण उनका उपन्यासमा यसको प्रत्यक्ष वा परोक्ष प्रभाव परेको छ । तर उनको अध्यात्मवादी चिन्तन मानव समाज र जीवनको पक्षमा रहेको पाइन्छ । धर्मका नाम हुने विभिन्न प्रकारका शोषण, अन्याय, अत्याचार आदिको बिरोध उनका दुवै उपन्यासमा व्यक्त भएको पाइन्छ । आधुनिक नेपाली उपन्यासले २ दशकभन्दा बढी समय र विभिन्न धारा तथा विचारगत प्रवृत्तिहरू पार गरी सकेपछि पोखराबाट उपन्यास लेखनमा प्रवृत्त भएका कोइरालाले आदर्शोन्मुख यथार्थवादभित्र नै रहेर सुधारको चाहना सहित आफ्ना अभिमतहरू उपन्यास मार्फत् व्यक्त गरेका छन् । नारीका समस्या र त्यसमा पनि नेपाली समाजका विधवा नारीका समस्यालाई उजागर गरेर त्यसको समाधानमा विशेष जोड दिने उपन्यासकार भुवनेश्वर कोइरालाका उपन्यासहरू औपन्यासिक शिल्प तथा शैलीका दृष्टिले केही कमजोर सावित भए पनि तत्कालीन समयमा विधवा विवाहका साथै नारी समस्याको सुधार र प्रशासनिक भ्रष्टाचार आदि कुराहरूको विरोध गर्दै परिवार, समाज र समग्र राष्ट्रको नै सुधार गर्नु पर्ने पक्षमा कोइरालाले व्यक्त गरेको औपन्यासिक विचारका आधारमा उनले नेपाली उपन्यास परम्परामा दिएको योगदानको निरूपण गर्नु पर्ने हुन आउँछ । माथि उल्लेख गरिएका औपन्यासिक प्रवृत्ति र उनका उपन्यासहरूको अध्ययनका आधारमा उनको उपन्यासकारिताको मूल्याङ्कन गर्दा कोइराला आधुनिक नेपाली उपन्यास परम्पराको आदर्शोन्मुख यथार्थवादी धारामा रहेर समाज सुधारको चाहनासहित उपन्यास सिर्जना गर्ने सुधारवादी उपन्यासकार हुन् । औपन्यासिक संरचना र पात्रविधानका हिसाबले केही कमजोर रहे पनि उनका उपन्यासहरूले प्रस्तुत गरेको नेपाली नारीहरूको समस्या र त्यसको सुधारका पक्षमा व्यक्त भएको उद्देश्यका आधारमा भुवनेश्वर कोइराला नेपाली उपन्यासमा ऐतिहासिक योगदान दिन सक्षम उपन्यासकार हुन् ।

# पाँचौं परिच्छेद
# उपसंहार तथा निष्कर्ष

भुवनेश्वर कोइरालाको बाल्यकाल आफ्ना पिताको जागिरे बसाइँसँगै देशका विभिन्न ठाउँमा बितेको देखिन्छ । भुवनेश्वर कोइरालाका पुर्खाहरू राजपुरोहितका रूपमा दरबारमा सक्रिय रहेकाले उनीहरूले बिर्ता समेत प्राप्त गरेका थिए । जसको कारणले गर्दा उनका पुर्खाहरू नै शिक्षा र सुविधाका क्षेत्रमा अगाडि थिए । उनका बाजे, बाबुहरू सरकारी जागिरमा रहेको कारणले गर्दा पनि उनको बाल्यकाल सुखमय अवस्थामा नै बितेको पाइन्छ ।

भुवनेश्वर कोइरालाले आफ्ना बाबुको जागिरको सरुवासँगै देशका विभिन्न स्थानहरूमा आफ्ना बाबुसँगै बाग्लुङ्ग, दोलखा, प्युठान आदि देशका विभिन्न स्थानहरूमा बाल्यकाल बिताएको र त्यहाँका विद्यालयहरूबाट औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ । कोइरालाको औपचारिक शिक्षाको आरम्भ बाग्लुङ्गको संस्कृत पाठशालाबाट भएको हो । उनले आफ्नो दोलखा बसाइँका क्रममा पिताबाट नै अनौपचारिक रूपमा कानुनको ज्ञान हाँसिल गरेका थिए भने प्युठान बसाइँका क्रममा स्वर्गद्वारी छात्रावासबाट औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ । यसपछि १९९६ सालमा प्युठानबाट पोखरा फर्केका कोइरालाले आफ्नो पढाइलाई निरन्तरता दिँदै संस्कृतमा उत्तर मध्यमासम्मको र अङ्ग्रेजीमा कक्षा दशसम्मको औपचारिक शिक्षा आर्जन गरेको पाइन्छ ।

भुवनेश्वर कोइरालाले आफ्नो जीविकोपार्जनका लागि सरकारी जागिरलाई रोजेको पाइन्छ । उनी २००१ सालमा प्रधानन्यायलयमा नौसिन्दा पदमा भर्ना भएर यस क्षेत्रमा प्रवेश गरेका हुन् । यसपछि कोइरालाले विभिन्न पदीय हैसियतमा रहेर विभिन्न अदालतहरूमा कार्य गरेको पाइन्छ । उनी न्याय क्षेत्रको सर्वोच्च निकाय सर्वोच्च अदालतसम्म रहेर काम गरेको पाइन्छ । जागिरे जीवनबाट निवृत्त भएपछि कोइराला धार्मिक क्षेत्रमा बढी क्रियाशील रहेको पाइन्छ । धार्मिक कार्यमा संलग्न भए पनि कोइराला धर्मका नाममा हुने विभिन्न प्रकारका विकृति र विसङ्गति तथा शोषणको विरुद्धमा रहेका छन् । भुवनेश्वर कोइरालामा आफ्ना पिता, जागिर, नेपाली साहित्यका विभिन्न साहित्यकारहरू, सामाजिक तथा सांस्कृतिक परिवेश, पारिवारिक परिवेश तथा विभिन्न साहित्यिक व्यक्तिका साहित्यिक कृति तथा तिनीहरूको जीवनी आदिको प्रभाव तथा प्रेरणा रहेको पाइन्छ ।

आफ्नो उमेरको १० वर्षदेखि नै साहित्य लेखनमा प्रवृत्त भएका कोइरालाले आफूलाई छोएका विभिन्न विषयमा फुटकर रचनाहरू लेख्दै आएका भए पनि कृतिगत रूपमा भने २००९ सालमा लेखनारम्भ गरी २०१३ सालमा प्रकाशित भएको **झिल्को** नाटक पहिलो प्रकाशित रचनाका रूपमा अगाडि आएको छ । यस नाटकमा कोइरालाले तत्कालीन नेपाली समाजमा व्याप्त रहेका भ्रष्टाचार, ढिलासुस्ती र घुसखोरी आदिजस्ता विकृतिहरूको यथार्थ घटनाहरूलाई कथावस्तुका रूपमा प्रस्तुत गरेका छन् । यसै साल उनको २०१० सालबाट लेख्न सुरु गरिएको **सत्य सन्देश र विधवा जीवन** र **वैकुण्ठको महल** गरी दुई उपन्यासहरू प्रकाशित भएका छन् । कोइरालाको यो साहित्यिक यात्रामा २०३० सालमा ४२ वटा भजनहरूको सङ्ग्रह **भुवन भजनमाला** प्रकाशित भएको पाइन्छ ।

कोइरालाको पहिलो उपन्यास (**सत्य सन्देश र विधवा जीवन**) २०१५ सालभन्दा अगाडिको नेपाली नारी समस्यालाई केन्द्रविन्दु बनाएर लेखिएको उपन्यास हो । पुरुषले बहुविवाह गर्न पाउनु, नारीलाई आफ्नो अस्तित्व जोगाउन कुनै स्वाबलम्वी आधार र न्यायसङ्गत अधिकार नरहनु, वेश्या गमनको प्रवृत्ति, पुरुष र दासताको बन्धनमा जगडिएर रगतको आँसु बगाउने नारीहरूलाई सचेत पारी मुक्तिको निम्ति प्रेरित गर्न उपन्यासकार अघि सरेका छन् । विधवा विवाह गर्नु हुन्न भन्ने सामाजिक मान्यता रहेको बेलामा समाजमा विधवा महिलाको सामाजिक हैसियतको यथार्थलाई देखाउँदै उपन्यासकी विधवा पात्र मेदिनीको किरणबाबुसँग विवाह गराइ दिएका छन् । यसरी तत्कालीन समाजको चित्रण गर्दै निचोडका रूपमा सुधारात्मक आदर्श प्रस्तुत गरेकोले यो उपन्यास आदर्शोन्मुख यथार्थवादभित्र समेटिएको पाइन्छ । यस उपन्यासको प्रकाशन कालमा यथार्थवाद झाँगिएको अवस्थामा सोही धारा पक्डेर नेपाली नारी समाजको चित्रण गरी यथार्थवादलाई अझ बलियो बनाउने कार्यमा यस उपन्यासले पनि एक इँटा थप्ने काम गरेको छ ।

कथानक र चरित्रको प्रधानतको दृष्टिले उपन्यास घटनाप्रधान र चरित्र प्रधान हुन्छन् । प्रस्तुत उपन्यास घटनाप्रधान उपन्यास हो । वर्णनात्मक शैली तारतम्यपूर्ण संयोग, चलचित्रात्मक सम्वाद यस उपन्यासमा पाइने विशेषता हुन् । विधवा विहे गराइ दिएर हिन्दू परम्परालाई चुनौति दिएबाट प्रस्तुत उपन्यास सुधारोन्मुख आदर्शवादी  उपन्यासका रूपमा लिन सकिन्छ ।

उपन्यासमा विभिन्न वर्ग समूह र उमेरका पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासमा  अनुकूल प्रतिकूल दुवै खाले पात्रहरू छन् । यसमा नारी पात्रलाई बढी सक्रिय गराइएको छ । उपन्यासमा मूलतः गाउँ र अंशतः सहर दुवै ठाउँ कार्यपिठीकाका रूपमा रहेका छन् । सरल कथावस्तुलाई लिएर औपन्यासिक रूप प्रदान गरिएको छ । सौन्दर्य सृष्टिका दृष्टिमा उपन्यास उत्कृष्ट देखिदैन । शिल्प सौन्दर्य भावगत परिष्कृति, औपन्यासिक संरचनागत सुगठन आदिको काम चलाउ निर्वाह गरिएको छ ।

कोइरालाको अर्को औपन्यासिक कृति **बैकुण्ठको महल** उपन्यासमा लेखकको समाज सुधारको भावना प्रवल छ र त्यो भावनमा आदर्शको पक्ष ज्यादा देखिएको छ । यसरी हेर्दा प्रस्तुत उपन्यासका कतिपय प्रसङ्गहरू **रूपमती** उपन्याससँग मेल खाने देखिन्छन् । तर सासूबुहारी एवं नन्दभाउजू आदिका प्रसङ्गहरू यहाँ देखाइएका छैनन् । लेखक खालि कसरी बैकुण्ठको महल सिर्जना गर्न सकिन्छ भन्नेतर्फ केन्द्रित रहेकाले पारिवारिक आदर्शका दृष्टिले रूपमतीसँग तुलना गर्न सकिने भएको देखिन्छ । शान्तिरामका दुई छोरा रत्नेश र तमीर तथा दुई बुहारीहरू चित्ररेखा र चनमतीलाई प्रमुख पात्र बनाएर लेखिएको यस उपन्यासमा यिनीहरूका माध्यामबाट समाजमा हुने सत् र असत् दुवै पक्षको चित्रण गर्दै आदर्शको पक्ष उजागर गर्ने काम उपन्यासमा भएको छ । यो उपन्यास घटना प्रधान उपन्यास हो । यस उपन्यासमा विभिन्न वर्ग समूह  र उमेरका पात्रहरूको प्रयोग गरिएको छ । उपन्यासको कार्यपिठीका नेपालसहित नेपाल बाहिरका विभिन्न देशहरू पनि बनाइएको छ । उपन्यासमा नेपाली रीति, नीति, आस्था र विश्वास प्रस्तुत भएका छन् । तत्कालीन अवस्थाको समयलाई अङ्कन गरिएको प्रस्तुत उपन्यासले धार्मिक पृष्ठभूमिमा रहेर जीवन र जगतको मूल्याङ्कन गुण-अवगुणद्वारा मानवीय उच्चता र निचताका साथै समाजको मूल्याङ्कन गर्न खोजिएको छ । उपन्यास परम्परित रचनाविधानमा संरचित रहेको छ । शिल्प, सौन्दर्य भावगत परिस्कृति औपन्यासिक संरचनागत सुगठनमा त्यति सफलता हात लाग्न सकेको देखिँदैन ।

नेपाली उपन्यासको पृष्ठभूमिका रूपमा शक्तिवल्लभ अर्ज्यालको **महाभारत विराट पर्व**लाई उल्लेख गर्न सकिन्छ । यो कृति नेपाली उपन्यासको पूर्व रूप हो । यसपछि १९४६ मा प्रकाशित भएको **वीरसिक्का** , **लालहिरा** (१९६५), **हात्तिमताइको कथा** (१९८१), **तोता मैनाको कथा** (१९८४), **महेन्द्रप्रभा** (१९५९), **वीरचरित्र** (१९६०), आदिजस्ता जासुसी एवं तिलस्मी औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यसपछि १९९१ सालमा प्रकाशित

भएको **रूपमती** उपन्यासले नेपाली उपन्यासलाई आधुनिक कालमा प्रवेश गराएको हो । नेपाली उपन्यासलाई आधुनिकतामा प्रवेश गराउने यो कृति जीवन यस्तो हुनुपर्छ भन्ने कुरा देखाउने आदर्श र जीवन यस्तो छ भन्ने कुरा देखाउने यथार्थ दुवै पक्षलाई मिसाएर प्रस्तुत गरिएको आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । यस अर्थमा आधुनिक नेपाली उपन्यासको आरम्भ आदर्शोन्मुख यथार्थवादबाट भएको हो । यसका आधारमा नेपाली उपन्यासमा आधुनिक कालको आरम्भ गरेको कृति **रूपमती** र त्यसका लेखक रुद्रराज पाण्डेको स्थान जहाँनेर देखा पर्छ ठिक त्यही ठाउँमा उपन्यासकार भुवनेश्वर कोइराला पर्छन् । नेपाली उपन्यासको विकासप्रकृयामा आधुनिकताको प्रवेश गराएको **रूपमती** उपन्यासले आदर्शोन्मुख यथार्थवादी विचारधारालाई नेपाली उपन्यास फाँटमा स्थापित गरेको हो । १९९१ सालमा लेखिएको पाण्डेको प्रस्तुत उपन्यासमा जुन वैचारिकता रहेको छ ठिक त्यही प्रकारको वैचारिक अभिव्यक्ति यसको दुई दशकभन्दा पनि बढी समयपछि प्रकाशित भएका भुवनेश्वर कोइरालाका **सत्य सन्देश र विधवा जीवन** (२०१३) र **बैकुण्ठको महल** (२०१३) दुवै उपन्यासमा रहेको पाइन्छ । कोइरालाको पहिलो उपन्यास नेपाली समाजमा विधवाप्रतिको व्यवहारमा सुधार हुनु पर्ने मान्यताका साथ लेखिएको छ भने दोस्रो उपन्यासमा नेपाललाई नै बैकुण्ठ बनाउने लेखकीय अभिलाषाको प्रस्तुति भएको पाइन्छ ।

माध्यमिककालीन अनुवादित, जासुसी तिलस्मी, ऐयारी, धार्मिक उपदेशात्मक उपन्यास परम्पराको अन्त्य गरेर सामाजिक आदर्शोन्मुख यथार्थवादको प्रतिस्थापन गर्ने काम गरेको **रूपमती**ले देखाएको बाटोमा प्रवृत्त भएको कोइरालाको **सत्य सन्देश र विधवा जीवन** उपन्यासले यथार्थको यथास्थितिमय चित्रणमात्रै गरेको छैन बरु त्यसको सुधारिएको रूपको अपेक्षासमेत गरेको छ । पाण्डेको **रूपमती** उपन्यासले यथार्थलाई आदर्शको जलप लगाएर प्रस्तुत गरेको छ भने कोइरालाको प्रस्तुत उपन्यासले समाज सुधारको अभिलाषासमेत अभिव्यक्त गरेको छ । यसका लागि उपन्यासकारले समाजमा हेपिएका, पेलिएका र घृणित तवरले हेरिएका विधवा नारीको मार्मिक जीवनकहानी प्रस्तुत गर्दै आध्यात्मिक हिन्दूवादको कट्टरताले निर्माण गरेको यो व्यवस्थाको जगसमेत हल्लाउने प्रयास गरेका छन् । यो पक्ष नेपाली उपन्यासको तत्कालीन परम्परामा हृदयचन्द्रसिंह प्रधानले **स्वास्नीमान्छे** उपन्यासले अगाडि सारेको दृष्टिकोणको नजिक पुगेको छ । यस उपन्यासले प्रस्तुत गर्न खोजेको विषयवस्तु पनि नेपाली समाजमा विद्यमान नेपाली नारीहरूका समस्या र त्यसबाट मुक्तिको अपेक्षा रहेकाले यसलाई **स्वास्नीमान्छे** उपन्यासका नजिक राख्दा उत्तम हुछ । तर यस

उपन्यासले उठान गरेको विषयवस्तुलाई पूर्णतया रूपान्तरणकामी रूपले प्रस्तुत गर्न भने सकेका छैनन् । यसका साथै एउटा परिवारको यथार्थ जीवनवृत्तलाई मुख्य विषयवस्तु बनाएर लेखिएको उनको दोस्रो उपन्यास **बैकुण्ठको महल**मा यही पारिवारिक चित्रणलाई माध्यम बनाएर सिङ्गो समाजको चित्रण गर्न खोजिएको छ । हिन्दूवादले अङ्गिकार गरेको पूर्वजन्म र पूनर्जन्मको विरोध गरिएको यस उपन्यासमा यस जन्ममा नै बैकुण्ठबास गर्न सकिने दृष्टिकोण अगाडि सारिएको छ । यो उपन्यास कोइरालाको अर्को उपन्यासका तुलनमा अलिबढी आदर्शवादतिर झुकेको देखिन्छ । यस उपन्यासमा कोइरालाले आफ्नो दृष्टिकोण व्यक्त गर्नका लागि कतिपय ठाउँमा चरित्रलाई अतिक्रमणसमेत गरेको पाइन्छ । जे र जसरी भए पनि यस उपन्यासमा पनि कोइरालाको सुधारवादी चेतना भने प्रशस्त रहेको पाइन्छ ।

निचोडमा भन्दा नेपाली उपन्यासको विकास प्रक्रियमा भुवनेश्वर कोइरालाको स्थान यस विधामा आधुनिकताको प्रवेश गराउने औपन्यासिक धारा आदर्शोन्मुख यथार्थवादमा छ तर उनी यथार्थको सपाट चित्रण र त्यसमा अतिशय आदर्शको लेप लगाउनमा मात्र सीमित नभएर यथार्थलाई आलोचनात्मक दृष्टिले प्रस्तुत गर्दै सुधारिएको समाजको अपेक्षासम्म विस्तारित भएका छन् । उनको सुधारवादी दृष्टिकोण आध्यात्मवादतिर ढल्केको पाइन्छ ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, डी.डी., (२०६५) 'कस्केली उपन्यासकार : सर्वेक्षणात्मक अध्ययन' **कुञ्जिनी,** पूर्णाङ्क १२, वर्ष १५, पृ. २८१-२८४ ।

अधिकारी, दुर्गादत्त, (२०६६), **गण्डकी अञ्चलका प्रगतिवादी नेपाली उपन्यासहरूको अध्ययन,** अप्रकाशित, स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

अधिकारी, रविलाल, (२०६५), 'भुवनेश्वर कोइरालाको साहित्यिक योगदान' **पोखरेली समालोचन,** पोखारा : गण्डकी साहित्य सङ्गम, पोखरा (पृ २३०-।

अधिकारी, विष्णुप्रसाद (२०५२), **भुवनेश्वर कोइरालाको जीवनी व्यक्तित्व र कृतित्को अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोध, नेपाली विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा ।

उपाध्याय, केशवप्रसाद, (२०३८) **साहित्य प्रकाश,** काठमाडौं : साझा प्रकाशन ।

कोइराला, भुवनेश्वर, (२०१३), **सत्य सन्देश र विधवा जीवन,** पोखरा : खड्कदेवी कोइराला ।

…………………, (२०१३), **वैकुण्ठको महल,** पोखरा : लेखक स्वयं ।

ढकाल, घनश्याम, (सम्पा., २०६२), **यथार्थवादी नेपाली समालोचना,** पोखरा : गण्डकी साहित्य सङ्गम ।

…………………, (सम्पा., २०६५) **पोखरेली समालोचना,** पोखरा : गण्डकी साहित्य सङ्गम ।

थापा, हिमांशु (२०४७), **साहित्य परिचय,** ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, टंकप्रसाद (२०३८), **साहित्यको रूपरेखा,** ललितपुर : साझा प्रकाशन ।

पाण्डे, भवानीप्रसाद (२०६१), **प्रगतिवादी नेपाली उपन्यासको इतिहास,** पोखरा : शुभप्रकाशन पोखरा ।

प्रधान, कृष्णचन्द्रसिंह, (२०६१), **नेपाली उपन्यास र उपन्यासकार** (चौ.सं.), काठमाडौं : साझा प्रकाशन ।

प्रधान, प्रतापचन्द्र (२०४०), **नेपाली उपन्यास : परम्परा र पृष्ठभूमि,** दार्जिलिङ्ग ।

बराल, ऋषिराज (२०६३) ते.सं.**उपन्यासको सौन्दर्यशास्त्र,** काठमाडौं : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम, (२०५६) **उपन्यास सिद्धान्त र नेपाली उपन्यास** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

शर्मा, अमृतादेवी,(२०६५), **पचास (२०५१-२०६०) को दशकका नेपाली प्रगतिवादी उपन्यासहरूको सर्वेक्षणात्मक अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

…………………, २०६७), **नेपाली प्रगतिवादी उपन्यास,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

सुवेदी, राजेन्द्र, (२०६४) **नेपाली उपन्यास परम्परा र प्रवृत्ति**, दो.सं. काठमाडौं : साझा प्रकाशन ।